# मोड्युलर साना-हातहतियार-नियन्त्रण कार्यान्वयन संग्रह

**मोजेईक ०६.१०**

संस्करण १.०
२०१७-१०-०५

# साना हातहतियार र हलुका हतियारसँग महिला र पुरुषको लैंगिक स्वभाव

The Modular Small-arms-control Implementation Compendium
MOSAIC
Good practices for safer societies.

सन्दर्भ नम्बर
MOSAIC 06.10:2017(E)V1.0
© संयुक्त राष्ट्रसङ्घ २०१८

.

यो दस्तावेज अद्यावधिक नहुन सक्छ

सबै मोजेइक मोड्यूलहरूका पछिल्ला संस्करणहरू

**www.un.org/disarmament/salw**

मा उपलब्ध छन् ।

## कृतज्ञता

यो दस्तावेज - शृङ्खलाको एउटा, मोड्युलर साना-हतियार-नियन्त्रण कार्यान्वयन संग्रह (मोजेइक)लाई संयुक्त राष्ट्रसङ्घले सरकार, अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरू, नागरिक समाज र निजी क्षेत्रका विज्ञहरूको फराकिलो र विविधतापूर्ण समूहको सहयोगमा तयार गरेको हो । मोजेइक परियोजनामा योगदानकर्ताहरूको पूर्ण सूची हाम्रो वेबसाइटमा उपलब्ध छ ।

मोजेइकको निर्माण अष्ट्रेलिया, क्यानडा, जर्मनी, आयरल्याण्ड, नर्वे र स्विट्जरल्याण्डका सरकारहरूको आर्थिक सहयोगका साथै संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी), निःशस्त्रीकरण मामिलाका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (युएनओडीए), संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) र संयुक्त राष्ट्रसङ्घ प्रतिआतंकवाद समिति कार्यकारी निर्देशनालय (सीटीइडी) द्वारा सम्भव भएको हो ।

©संयुक्त राष्ट्रसङ्घ २०१८

सर्वाधिकार सुरक्षित । यस प्रकाशनलाई प्रतिलिपि अधिकारबाहकको विशेष अनुमति बिना गैर-नाफामूलक शैक्षिक र प्रशिक्षण उद्देश्यका लागि पुनउर्त्पादन गर्न सकिन्छ, तथापि श्रोत उदृत गरिएको हुनुपर्ने छ । यस दस्तावेजलाई स्रोतको रूपमा प्रयोग गर्ने कुनै पनि प्रकाशनको विद्युतीय प्रति प्राप्त गरेमा (conventionalarms-unoda@un.org) संयुक्त राष्ट्रसङ्घ कृतज्ञ हुनेछ ।

यो दस्तावेजको विक्री गर्न पाइने छैन ।

# विषय सूची

**परिचय** ........................................ **६**

**१ दायरा** ........................................ **८**

**२ स्थापित सन्दर्भहरू** ........................................ **८**

**३ शब्दावलीहरू र तिनको व्याख्या** ........................................ **९**

**४ संयुक्त राष्ट्र संघको ढाँचा** ........................................ **१०**

४.१ सामान्य अवस्था ........................................ १०

४.२ संयुक्त राष्ट्रसंघको कार्यक्रम ........................................ १०

४.३ हतियार व्यापार सन्धि ........................................ १०

**५ साना हतियार र हलुका अष्त्रहरुको लैङ्गिक स्वरुप** ........................................ **१०**

५.१ सामान्य ........................................ १०

५.२ नारीत्व र पुरुषत्व ........................................ ११

५.३ दृष्टिकोणहरु ........................................ ११

५.४ स्वामित्व, प्रयोग र दुरुपयोग ........................................ ११

**६ दुरुपयोगका असरहरू** ........................................ **१२**

६.१ सामान्य ........................................ १२

६.२ पुरुष र बालकहरुमा प्रभाव ........................................ १३

६.३ महिला र बालिकाहरुमा प्रभाव ........................................ १४

**७ साना हातहतियार नियन्त्रणको लैंगिक मूलप्रवाहीकरणका लागि मार्गदर्शक सिद्धान्तहरू** ........................................ **१८**

७.१ सामान्य ........................................ १८

७.२ लैंगिक विज्ञता सहित सुरुदेखि नै संलग्न हुने ........................................ १८

७.३ सरोकारवालाहरू बीच सहमति निर्माण गर्नुहोस् ........................................ १८

७.४ लैंगिक र उमेरमा खण्डीकरण गरिएको तथ्याकं संकलन गर्नुहोस् ........................................ १९

७.५ लैंगिक विश्लेषण कार्य सञ्चालन गर्ने........................................ २१

७.६ पहिचान गरिएका लैंगिक सवालहरु सुल्झाउनुहोस् ........................................ २१

७.७ महिलाहरूको अर्थपूर्ण सहभागितालाई सघाउने ........................................ २१

७.८ लैङ्गिक-संवेदनशील सूचकहरू प्रयोग गरि प्रगति विवरण लिन ........................................ २२

**८ कार्यक्रममा लैङ्गिक अवधारणा** ........................................ **२२**

८.१ साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्वन्धी लैंगिक-उत्तरदायीत्व ........................................ २२

८.२ क्षेत्रीय र राष्ट्रिय नीति विकास ........................................ २३

८.३ राष्ट्रिय समन्वय संयन्त्र ........................................ २४

८.४ मानव बेचबिखनसँग जोडिएर हेरिनुपर्ने ........................................ २४

८.५ हतियार सङ्कलन र नाश कार्य ........................................ २५

८.६ अन्तर्राष्ट्रिय रुपमा साना हतियार स्थानान्तरण ........................................ २६

८.७ निशस्त्रीकरण, अपरिचालन र संयोजन ........ २६
८.८ कानुनी सुधार ........ २६
८.९ शान्ति शिक्षा, सामुदायिक सहभागिता र सचेतना जागरण ........ २८
८.१० पीडित भई जिएकाहरुलाई सहायता ........ ३०

**९ भूमिका र जिम्मेवारीहरू ........ ३१**

९.१ सरकार........ ३१
९.२ नागरिक  सामाज ........ ३३
९.३ क्षेत्रीय संगठनहरू ........ ३४
९.४ संयुक्त राष्ट्र संघ ........ ३५
९.५ दातृ निकाय........ ३६

**परिशिष्ट १ (जानकारीमूलक) संकट रोकथाममा लैङ्गिक समानताका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आठ-बुँदे एजेन्डा ........ ३८**

**परिशिष्ट २ (जानकारीमूलक) साना हातहतियार र हलुका हतियार कार्यक्रमका लैंगिक समानताका उत्तरदायी सूचकहरू ........ ४१**

**परिशिष्ट ३ (जानकारीमूलक) नीति र परियोजना दस्तावेज तयारीका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको लैंगिक मूलप्रवाहीकरण सन्दर्भसूची -चेकलिष्ट) ........ ४६**

**साना हातहतियार नियन्त्रण कार्यान्वयन दस्तावेज** ( MOSAIC)

**मोजेइक के हो ?**

साना तथा हलुका हतियारहरुको अबैध व्यापार, अस्थिरता निम्त्याउने सञ्चयन र तिनको दुरुपयोगलाई रोक्न अन्तराष्ट्रिय सहमतिहरुका मूख्य उद्देश्यहरुलाई व्यवहारिक रुपमा उतार्ने कडी हो जस अर्न्तगतः

- साना तथा हलुका हतियारहरुकौ अबैध व्यापार सम्वन्धी कारबाही योजना
- निगरानी सम्वन्धि अन्तराष्ट्रिय कानूनी औजार
- अन्तराष्ट्रिय संगठित अपराध विरुद्ध संयुक्त राष्ट्र महासन्धीको पूरक बन्दुक प्रोटोकल
- हतियार व्यापार सन्धि

**के हो ?**

MOSAIC मोड्युलहरु असल अभ्यासहरु, आचार संहिताहरु र मानक सञ्चालन प्रक्रियाहरुमा आधारित छन् जुन उप क्षेत्रीय तहमा विकास गरिएको हो । विश्वभरका विज्ञहरुबाट प्राप्त उत्कृष्ठ प्राविधिक सल्लाहको लाभ लिदै यिनलाई राष्ट्रसंघद्धारा विकसित गरिएको हो ।

MOSAIC पूर्णत स्वैच्छिक औजार हो ।

MOSAIC ले शान्तिपूर्ण, न्यायोचित र समावेशी समाजहरुलाई प्रवर्द्धन गर्न लक्ष नम्वर १६ लगायत दिगो विकासका लक्षहरुको प्राप्तीलाई आत्मसाथ गर्दछ जस अर्न्तगत १६.४ को अवैध हातहतियार प्रवाहमा उल्लेखनीय कमी ल्याउने लक्ष समेटिएकोछ ।

MOSAIC **को विकास कसले गऱ्यो ?**

सरकारहरुले प्रायः संयुक्त राष्ट्रसंघलाई साना तथा हलुका हतियार नियन्त्रण सम्वन्धी मुद्धाहरुमा सल्लाह र सहयोग प्रदान गर्न आह्वान गर्दछन्- विधायिकी, कार्यक्रम तथा परिचालन लगायतका मामिलाहरुमा ।

संयुक्त राष्ट्रसंघले त्यस्ता अनुरोधहरुको प्रतिक्रियामा निरन्तर गुणस्तरीय सुझाव र सहयोग प्रदान गर्नसक्ने हुनाले सबैभन्दा उत्तम तरिका साना तथा हलुका हातहतियारहरुको नियन्त्रणमा बारुदी सुरुङ प्रतिकार्य (बारुदी सुरुङका अन्तराष्ट्रिय मापदण्डहरु ) निशस्त्रीकरण, सैन्यवियोजन demobilization र समायोजन -एकिकृत डिआरआर मापदण्डहरु); साथै गोलाबारुद (गोलाबारुद सम्वन्धी अन्तराष्ट्रिय निर्देशिका IATG ) विकास गरि कार्यान्वयन गर्नु हो भन्ने संयुक्त राष्ट्रसंघका निकायहरुले निर्णय गरे ।

यो कम्पेन्डियम अथवा साराशं दस्तावेज संयुक्त राष्ट्रसंघीय प्रणालीभित्र गरिएको एक दशकको समन्वयात्मक कार्यको परिणाम हो, जसमा विकास र हतियार व्यवस्थापनदेखि लैगिंक तथा जनस्वास्थ्यसम्मको विशेषता भएका २४ साझेदार निकायहरु समावेश छन् । ३०० भन्दा बढी विशेषज्ञहरुको बाह्य विशेषज्ञ समूह, गैससदेखि उद्योगसम्म, जसले प्रत्येक मोड्युल स्थापना गर्ने बलियो प्रकृया सम्पन्न गऱ्यो ।

## MOSAIC कसले प्रयोग गर्न सक्छ?

MOSAIC कुनै पनि सरकार वा संस्थाले प्रयोग गर्न सक्दछ । MOSAIC मोड्युलहरुमा आधारित भएर साना हातहतियार नियन्त्रण प्रयासहरु गरिने हो भने हातहतियार अपराधीहरु, सशष्त्र समूहहरु, आतकंकारीहरु र तिनीहरुको दुरुपयोग गर्ने अन्य कोहीको हातमा पर्ने जोखिमलाई कम गर्न सकिन्छ ।

## परिचय

दिगो विकास लक्ष्यहरुसँगै अन समुदाले लैङ्गिकसमानता -लक्ष्य ५) हासिल गर्न र अवैध हातहतियारहरुको प्रवाह र हिंसा उत्पन्न मृत्युलाई उल्लेख्य रुपमा घटाउनका लागि आफूलाई प्रतिवद्ध गरेको छ (लक्ष १६) । यी लक्षहरु एकअर्कासँग अभिन्न रुपमा जोडिएका छन् ।

साना हातहतियार र हलुका अष्त्रहरुको अवैध व्यापारलाई, सबै स्वरुपहरुमा उल्मूलन गर्न र गैह्रकानूनी र कानूनी रुपमा स्वामित्व भएका साना हतियारहरुको दुरुपयोगलाई सम्बोधन गर्न, त्यस्ता हतियारहरुको आपूर्ति, माग र दुरुपयोगको पछाडि मानवीय कारकहरुलाई ध्यान दिन समाजको हरेक तहमा आवश्यक छ । यसको समूष्टीगत समाधानका लागि सबै पक्षहरु र संघसस्थाहरुलाई परिचालन गरि उनीहरुको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ ।

साना हातहतियार र हलुका अष्त्रहरुको अनियन्त्रित ओसारप्रसार र दुरुपयोगलाई लैङ्गिक दृष्टिले हेर्दा सो हातहतियारहरूले पुरुष र महिलालाई एकै नासले असर गर्दैनन् र यी हतियारहरूको नियन्त्रण प्रयासमा पुरुष र महिलाहरु समान रुपले सहभागि हुनु उनीहरुको समान अधिकार हो ।

लैङ्गिक मूलप्रवाहीकरणको अर्थ साना हातहतियार तथा हलुका अष्त्रहरुको रोकथाम प्रयासहरुमा महिला तथा पुरुषहरुबीच कस्तो प्रभाव पर्दछ भन्ने ख्याल राख्दै मूल्याङ्कन, योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन जस्ता हरेक चरणमा हेरिनुपर्छ । लैङ्गिक मूलप्रवाहले  पुरुष र महिलाहरुले साना हातहतियार तथा हलुका अष्त्रहरुका विषयमा द्वन्द्वकालमा, द्वन्द्वपश्चातको पुनर्निर्माणको समयमा र शान्तिपूर्ण अवस्थामा खेल्ने भूमिकावारे दुवैलाई राम्रो बुझाई हुन्छ ।

साना हातहतियार तथा हलुका अष्त्रहरुको नियन्त्रण प्रयासमा प्रभाव -भनेको महिला र पुरुषहरूमा - मूल्याङ्कन, योजना, कार्यान्वयन, प्रत्येक चरणमा विचार गरिनुपर्छ  । लैङ्गिक मूलप्रवाहले द्वन्द्वको समयमा, द्वन्द्वपछिको पुनर्निर्माण र शान्तिमा साना हातहतियार र हलुका हतियारको सम्बन्धमा पुरुष र महिलाले खेल्ने भूमिकाको राम्रोसँग बुझ्नको लागि अनुमति दिन्छ ।

साना हातहतियार तथा हलुका अष्त्रहरुको नियन्त्रणमा लैङ्गिकसमानताले सबैसँग सरोकार राख्ने सुरक्षा सवालमा महिला र पुरुषहरुको निर्णय प्रकृयामा सहभागि हुन मद्दत पुग्छ । परम्परागत रुपमा यो क्षेत्रमा पुरुष हावी भएको देखिएपनि, समान सहभागिताका लागि महिलाहरुको सहभागिता यकिन गर्न विशेष जोड दिईनुपर्छ, विशेषगरि प्रभावित समुदायहरु र नागरीक समाजको । साथै अनुगमन तथा मूल्याङ्कन प्रकृयालाई पनि लैंगिकमैत्री बनाइनुपर्छ ।

साना हातहतियार र हलुका अष्त्रहरुको नियन्त्रण प्रक्रियाहरुमा अन्तर्राष्ट्रिय कानून अनुसार लैङ्गिक दृष्टिकोणहरू समावेश गर्नाले साना हातहतियार र हलुका अष्त्रहरूको माग र दुरुपयोग लगायत जनमानसको मानवअधिकार, विकास र सुरक्षाबारे बुझ्न सजिलो हुन्छ । परिणामतः लैङ्गिक मूलप्रवाहीकरणले कल्याणकारी प्रावधानको

अवस्था बृद्धि गर्न, सुरक्षालाई मजबूद पार्न र शान्ति प्रवर्द्धन प्रक्रियाहरुको राजनीतिक वैधानिकतालाई सुदृढ गर्न सम्भव बनाउँछ जसले गर्दा  प्रतिक्रियाहरूलाई घनिभूत, सुध्रिढ र प्रभावकारी बनाउन मद्दद पुग्छ ।

## महिला, पुरुष र साना हातहतियार र हलुका हतियारको लैङ्गिक स्वरुप

### १ दायरा

साना हातहतियार नियन्त्रण कार्यान्वयन सम्वन्धि साराशं दस्तावेज ( MOSAIC) का मोड्युलहरुमा साना हातहतियार र हलुका अष्त्रहरुको अनियन्त्रित प्रसार र दुरुपयोगका लैङ्गिकप्रभावहरु, साथै साना हातहतियार र हलुका अष्त्रहरु नियन्त्रणका लागि लैङ्गिकआयामहरु यहाँ समावेश गरिएकोछ ।

यस दस्तावेजले MOSAIC का अन्य मोड्युलहरुमा समावेश गरिएका लैङ्गिकपक्षहरुलाई पनि समावेश गरेको छ, साना हातहतियार र हलुका अष्त्रहरु नियन्त्रण कार्यक्रममा लैङ्गिकउत्तरदायी कार्यक्रम लागु गर्न मार्गदर्शन प्रदान गर्दछ ।

साना हातहतियार र हलुका अष्त्रहरुको नियन्त्रण प्रयासहरुको योजना बनाउँदा, कार्यान्वयन गर्दा वा अनुगमन मूल्यांकन गर्दा, कानूनी, नीतिगत, कार्यक्रम वा परियोजना स्तरमा यसका अभ्यासकर्ताहरुलाई सघाउनु रहेकोछ । साना हातहतियार तथा हलुका अष्त्रहरुको नियन्त्रण प्रयास बढीभन्दा बढी प्रभावकारी र न्यायोचित बनाउन लैङ्गिकसम्वेदनशील बनाउन यसले सुझाउँछ ।

पूर्व लडाकुहरुको निशस्त्रीकरण, अपरिचालन र समायोजनमा लैङ्गिकसवालका मापदण्डहरु (IDDRS 5.10) *महिला, लैंगिकता र निशस्त्रीकरण, अपरिचालन र समायोजन*- मा समावेश भएकाले यो मोड्युलमा बिस्तृतमा समावेश गरिएको छैन ।

साना हातहतियार र हलुका अष्त्रहरु नियन्त्रणका सवालहरु, वालकिशोरी हरुसँग सम्वन्धित हुनाले MOSAIC 06.20, *वालकिशोरी , वयश्क, युवा र साना हातहतियार र हलुका अष्त्रहरु* मा समावेश छ ।

### २ स्थापित सन्दर्भहरु

यो दस्तावेजको कार्यान्वयनका लागि निम्न उल्लेखित सन्दर्भ सामग्रीहरु अनिवार्य छन्। मिति उल्लेखित सन्दर्भ सामग्रीको हकमा प्रकाशन उल्लेख गरिएका मात्र आकर्षित हुन्छन् । मिति उल्लेख नभएका सन्दर्भ सामग्रीहरुको सन्दर्भमा, यी संशोधन सहितका अद्यावधिक प्रकाशनहरु प्रयोगमा रहनेछन् ।

*साना हातहतियार र हलुका अष्त्रहरुको कानूनी तथा नीतिगत ढाँचाहरुमा लैङ्गिकदृष्टिकोण समाविष्ट गर्ने व्यवहारिक मार्गनिर्देशिका,* SEESAC

*आपतकालिन अवस्थाहरुमा हुने यौनिक हिंसावारे अनुसन्धान, अभिलेखिकरण र अनुगमन गर्ने सम्वन्धमा WHO को नैतिकता र सुरक्षा वारे सिफारिसहरु,* विश्व स्वास्थ्य संगठन

*बेचविखनमा परेका महिलाहरुलाई अर्न्तवाता लिने सम्वन्धमा WHO को नैतिकता र सुरक्षावारे सिफारिसहरु,* विश्व स्वास्थ्य संगठन

*महिला विरुद्ध हुने हिंसामा हस्तक्षेपकारी अनुसन्धानका लागि नैतिकता र सुरक्षा सम्वन्धी सिफारिसहरु,* विश्व स्वास्थ्य संगठन

*महिला विरुद्ध हुने हिंसा सम्वन्धमा अनुसन्धानः अनुसन्धानकर्ता र अभियन्ताहरुका लागि व्यवहारिक मार्गनिर्देशिका, विश्व स्वास्थ्य संगठन र प्रोगाम फर अप्रोपिरियट टक्नोलोजी इन हेल्थ* (PATH)

*कानून प्रवर्तन अधिकारीहरुले शक्ति र गोलीगठ्ठा प्रयोग गर्ने सम्वन्धमा संयुक्त राष्ट्र संघका आधारभूत सिद्धान्तहरु*

MOSAIC ०३.३०, *साना हातहतियार र हलुका अष्त्रहरु सम्वन्धमा राष्ट्रिय नियमावली*

MOSAIC ०३.४०, *साना हातहतियार र हलुका अष्त्रहरु सम्वन्धमा राष्ट्रिय समन्वय संयन्त्रहरु*

MOSAIC ०४.१०, *राष्ट्रिय कार्ययोजनाको निर्माण र कार्यान्वयन*

MOSAIC ०४.३०, *सचेतना जागरण*

MOSAIC ०४.४०, *अनुगमन, मूल्याङ्कन र प्रतिवेदन*

MOSAIC ०५.१०, *साना हातहतियार र हलुका अष्त्रहरु सम्वन्धमा सर्वेक्षणहरु गर्ने*

IDDRS ०५ १०, *महिला, लैंगिकता र डिडिआर*

## ३ शब्दावलीहरु र तिनको व्याख्या

यस दस्तावेजको उद्देश्यका लागि, MOSAIC 01.20 मा दिइएका सर्तहरू र परिभाषाहरू, सर्तहरूको शब्दावली, परिभाषा र संक्षिप्त शब्दहरु अनुरुप नै लागु हुनेछन्।

सबै MOSAIC मोड्युलहरूमा, 'shall', 'should', 'may' र 'can' शब्दहरूलाई मानकीकरणका लागि अन्तर्राष्ट्रिय संगठनका (ISO) मापदण्डहरूमा भएअनुसारनै प्रावधानहरू प्रयोग गरिएकोछ ।

क) **"गर्नैपर्ने" भन्नाले बाञ्छनीयतालाई दर्शाउँछ ।** यो दस्तावेज अनुरूप पालना गर्नैपर्ने आवश्यकतालाई जनाउँछ र यसबाट कुनै विचलन स्वीकार्य छैन भन्ने आधारमा प्रयोग गरिएको छ ।

ख) **"गर्नुपर्ने" भन्नाले सिफारिसलाई जनाउँछ ।** धेरै सम्भावनाहरू मध्ये एकलाई विशेष उपयुक्त भनेर सिफारिस गरिएको छ र यसो गर्दा अन्यलाई उल्लेख नगरी वा बाहेक गरिएको छैन, वा निश्चित कदमलाई मनासिव ठहराइन्छ तर गर्नैपर्छ भन्ने आवश्यकता छैन, वा (गर्नुनपर्ने') भन्नाले असहमति जनाएको तर निषेध गरिएको होईन ।

ग) **"हुनसक्छ" भन्नाले अनुमति दिएको जनाउँछ ।** यसको अर्थ दस्तावेजको दायराभित्र रही कार्यगर्न दिइएको अवस्था हो ।

घ) **"सक्छ" ले सम्भाव्यता र गर्न सक्ने क्षमतालाई जनाउँछ ।** भौतिक, बस्तुगत वा अनौपचारिक सम्भाव्यता र क्षमता दर्शाउने अर्थमा यो प्रयोग गरिन्छ ।

## ४ संयुक्त राष्ट्र संघको ढाँचा

### ४.१ सामान्य अवस्था

यो दस्तावेजले साना हातहतियार र हलुका अष्त्रहरुको नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्र संघको महिला र लैंगिकतासँग सम्वन्धित बहुपक्षीय संयन्त्रहरुसँग सम्वन्धित प्रतिबद्धताहरूको कार्यान्वियनमा व्यावहारिक मार्गदर्शन प्रदान गर्दछ ।

### ४.२ संयुक्त राष्ट्रसंघको कार्यक्रम

साना हातहतियार र हलुका अष्त्रहरु नियन्त्रणका सबै पक्षहरुलाई  सबै संयुक्त राष्ट्र सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको कार्यक्रम साना हातहतियार र हलुका अष्त्रहरुको अवैध व्यापारलाई रोक्ने,मुकाबिला गर्ने र उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघको कार्यक्रमको (यूएन प्रोग्राम अफ एक्शन), घोषणा गर्छन्।

क) “महिलाहरूमा साना हातहतियार र हलुका अष्त्रहरुको नकारात्मक प्रभाववारे गम्भीर चिन्ता जाहेर गर्दछु [...] रूपमा चिन्तित छु“ सबै स्वरुपमा साना हातहतियार र हलुका अष्त्रहरुको अवैध व्यापार(खण्ड १, अनुच्छेद ६)।

संयुक्त राष्ट्रसंघ कार्यक्रमको २०१२ को समीक्षा बैठकको प्रतिफल दस्तावेजमा, सबै संयुक्त राष्ट्र सदस्य राष्ट्रहरूले

ख) ‘‘सुरक्षा परिषद् र महासभाका सान्दर्भिक प्रस्तावहरूलाई ध्यानमा राखी साना हातहतियार नीति निर्माणमा महिलाको सहभागिता र प्रतिनिधित्वलाई सहजीकरण गर्ने र साना हातहतियार तथा हलुका अष्त्रहरुको अवैध व्यापारले महिलामा पारेको नकारात्मक असरहरुलाई हटाउन उपायहरू खोज्नेछन् । (खण्ड का, अनुच्छेद क.२.इ)

### ४.३ हतियार व्यापार सन्धि

हतियार व्यापार सन्धिका पक्ष राष्ट्रहरु

क) सशष्त्र द्वन्द्व र सशष्त्र हिंसाबाट प्रभावित हुनेहरूमध्ये अधिकांश नागरिक, विशेष गरी महिला र बालबालिकाहरू हुन् भन्ने कुरामा कुरामा ध्यान दिनेछन्“ (प्रस्तावना अनुच्छेद १०); र

ख) परम्परागत हतियार निकासी गर्दा, “परम्परागत हतियारहरूको कारणबाट लैङ्गिकहिंसा वा महिला र बालबालिका विरुद्ध गम्भीर जोखिमहरु पर्न जाने जोखिमलाई ध्यानमा राख्नेछन् ।“ (धारा ७.४ );

## ५ साना हातहतियार र हलुका अष्त्रहरुको लैङ्गिक स्वरुप

### ५.१ सामान्य

साना हातहतियार र हलुका अष्त्रहरु कायम राख्नु कब्जा, प्रयोग, दुरुपयोग र प्रभावहरू, साथै तिनीहरूप्रतिको सामान्य मनोवृत्तिले स्पष्ट लैङ्गिक आयामहरू प्रकट गर्दछ। त्यसैगरी, साना हतियारहरूद्वारा हुने हिंसा एक उच्च लिंगीय घटना हो र यसले महिला र पुरुषहरूमा व्यापक रूपमा फरक फरक प्रभाव पार्छ।

## ५.२ नारीत्व र पुरुषत्व

पुरुषत्व र नारीत्वका अवधारणाहरु सामाजिक रूपमा निर्माण गरिएका हुन् र यिनले समग्रः शक्ति सन्तुलनलाई प्रतिबिम्बित गर्दछ । समूहगत हिसाबले हेर्दा पुरुषहरूले महिलाहरुको तुलनामा बढी शक्ति खिचेका हुन्छन् । केही पुरुषहरू (जो परम्परागत रुपमा पुरुषत्व व्यक्त गर्ने प्रबृत्तिका हुन्छन्) तिनीहरु अन्य पुरुषहरुको तुलनामा (अन्य तरिकाले प्रस्तुत हुने वा परम्परागत पुरुषत्व भन्दा बैकल्पिक तरिकाले प्रस्तुत हुनेहरुभन्दा) — जस्तो समयौनिक पुरुष वा द्धियौनिक व्यक्ति, वा अन्तरलिंगीहरुभन्दा वा जो आफूलाई पारलैङ्गिकवा तेश्रो लिंगीको रुपमा पहिचान हुन चाहन्छन) भना बढी शक्तिशाली देखिन्छन् ।

उमेर, वर्ग र जाति जस्ता शक्तिका आधारहरुसँग पुरुषत्व र नारीत्वका धारणाहरू विकास हुन्छन् । त्यसैले विभिन्न परिवेशहरुको आधारमा पुरुषत्व र नारीत्वका धारणाहरू सृजना हुन्छन् । अतः साना हतियारहरुको असर विभिन्न महिला र पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि के कस्तो असर पर्दछ भन्ने सवालहरुमा अन्तरक्रियाहरु गर्नु जरुरी हुन्छ ।

सशस्त्र द्वन्द्व र हिंसाले भयानक मानवीय क्षति पुर्‍याउँछ साथै सामाजिक र आर्थिक व्यवस्थालाई पनि जर्जर पार्दछ । यस्तो अवरोधले लैङ्गिक समानता र महिला सशक्तिकरणमा दशकौंको प्रगतिलाई पछाडि धकेल्छ भने सशस्त्र द्वन्द्व वा हिंसाबाट अशक्त परिवारको सदस्यको हेरचाहमा  आफ्नो एक्लो परिवारको पालनपोषण गर्न महिलाहरू बाध्य भई उनीहरुमा ठूलो भार थप्दछ ।

## ५.३ दृष्टिकोणहरु

साना हतियारहरूबाट महिला र पुरुषहरू मात्र फरक-फरक रूपमा प्रभावित हुदैनन्, उनीहरुले यी हतियारहरुलाई फरक ढंगले बुझ्छन्। घरायसी सर्वेक्षणहरूमा, महिला उत्तरदाताहरूले साना हतियारहरूलाई सुरक्षाको लागि खतराको रूपमा चित्रण गर्ने सम्भावना बढी हुन्छ जब कि घरमै साना हतियारको उपलब्धता भएको पक्षलाई स्वीकार्ने सम्भावना कम हुन्छ ।

## ५.४ स्वामित्व, प्रयोग र दुरुपयोग

### ५.४.१ पुरुष र दुरुपयोग

विश्वका ८७ करोड पचास लाख अनुमानित साना हतियारहरू अधिकाशं पुरुषको हातमा छन्। साना हतियारहरू प्रयोग हुने क्षेत्र (जस्तैः कानून प्रवर्तन क्षेत्रमा कार्यरत सैनिक, प्रहरी र निजी सुरक्षामा संलग्नहरु) प्राय पुरुषहरु छन् । मनोरञ्जन उद्देश्यका लागि प्रयोग हुने साना हतियारहरू (जस्तै शिकार र शूटिङ खेल) पनि अधिकांश पुरुषै गर्छन्। साना हतियारबाट हिंसा मच्चाउने पनि अधिकांश पुरुष नै छन् ।

युवा पुरुष जनसङ्ख्याको एक सानो अनुपात– प्रायः सामाजिक, आर्थिक वा दुवैबाट सीमान्तकृत–ले नै धेरैजसो सशस्त्र हिंसा मच्चाउँछ । हिंसात्मक व्यवहारको मूल जरो जैविक कारक भन्दा पनि सामाजिक रहेको देखिन्छ । साना हतियारबाट गरिने हिंसाबाट चरम सीमान्तकृत हुन सक्ने अवस्था ल्याउनसक्छ ।

प्रायः सामाजिक, आर्थिक वा दुवै रूपमा सीमान्तकृत - युवा पुरुषको सानो अंश, आफ्नो सामाजिक र आर्थिक हैसियत प्राप्त गर्न, जो उसका लागि बन्दप्रायः हुन्छ, शसक्तिकरणका लागि सशस्त्र हिंसा नै माध्यम भएको ठहर्‍याउँछ । सीमान्तकृत युवा पुरुषहरुका लागि साना हतियारहरु शक्ति र पहिचानको कडी हो भन्ने लाग्दछ ।

सीमान्तकृत युवा पुरुषहरूलाई साना हतियारहरूको माध्यमबाट परम्परागत प्रभुत्वशाली शक्तिहरुका अगाडि उल्लेख्य क्षमता प्रदर्शन गर्न सघाउन पुग्नसक्छ, जो अन्यथा आफ्नो समुदायमा थोरै प्रभाव राख्छन। युवाहरूलाई हिंसा मार्फत अधिकार हत्याउन साना हतियारहरू सहयोगी हुनसक्छन् र सो प्रकृयामा विद्यमान सामाजिक व्यवस्था र परम्परागत संरचनाहरु उल्टाउन र शक्तिका आधारहरुलाई ध्वस्त पार्न सक्छन् ।

### ५.४.२ महिला र दुरुपयोग

साना हातहतियार सम्बन्धी दुरुपयोगको थोरै हिस्सा मात्र महिलाहरूबाट हुने गरेको छ, यद्यपि उनीहरु पनि सानोतिनो SALW का मालिक हुन् र महिलाहरू पनि साना हतियारहरूको प्रयोगकर्ता भएकाले हिंसक व्यवहारमा संलग्न हुन्छन, तर यस्तो दर कमै छ र कारणहरू विभिन्न हुनसक्छन् ।

गैर-राज्यपक्षीय लडाकु दस्ताहरूसँग महिला लडाकुहरू र महिला वा बालिकाहरु संलग्न हुने अवस्था विश्वभर सामान्य छ। सशस्त्र द्वन्द्वमा प्रत्यक्ष संलग्न हुनुको अतिरिक्त, महिला र बालिकाहरु सहयागी भूमिका पनि देखा पर्छन, जस्तै (गुप्तचर, तस्कर, प्यारामेडिक, शिक्षक, हुलाकी, यान्त्रिक प्राविधिक, चालक, आदि)।

पुरुष र बालकहरू जसरी नै महिला र बालिकाहरु पनि कहिलेकाही स्वेच्छाले सशस्त्र समूहमा सामेल हुन्छन् भने कतिपय अवस्थामा बलजफ्ती भर्ती गराइन्छ । बलजस्ती भर्ती गरिएका महिला लडाकुहरू विशेष गरी बलात्कार, बाध्यकारी विवाह र यौन दासी जस्ता लैङ्गिक हिंसाको जोखिममा पर्नसक्छन्। यसरी सशस्त्र द्वन्द्वमा संलग्न महिला र बालिकाहरुले आफूलाई निरन्तर पीडक र मानवअधिकार उल्लङ्घनको सिकार भएको अनुभव गर्न सक्छन् ।

सशस्त्र गिरोह हिंसामा मुख्यतया पुरुषहरू संलग्न हुन्छन्, तरपनि गिरोहमा संलग्न महिलाहरूले धेरै प्रकारको भूमिका खेल्न सक्छन्, जसमा पीडकहरु बनेर (पुरुष गिरोह सदस्यहरूसँगै गिरोह हिंसामा सहभागीहरु हुने), पीडितहरू बन्न सक्छन् (जस्तै गिरोह सदस्यहरूका साथीहरू, दिदीबहिनीहरू र आमाहरू अन्य गिरोहको निसाना बन्न सक्छन्) र सहयोगीहरू बन्न सक्छन् (जस्तै सहयोगी भूमिका निभाउने महिला तथा बालिकाहरु)।

महिला र बालिकाहरू (पुरुष र बालकहरू जस्तै) विभिन्न कारणहरूका लागि गिरोहमा सामेल हुन्छन्, जसमा शारीरिक र यौन दुर्व्यवहार भोकेको पृष्ठभूमि पछि सुरक्षाका लागि, परिवारको संरचनामा रहने चाहना, पैसा र सम्मान कमाउने चाहना, वा बाध्यकारी रुपमा संगठीत भनाइएको अवस्था हुन सक्दछ । बालिकाहरूको आपराधिक व्यवहारलाई असर गर्ने कारक तत्वहरूमा प्रारम्भिक यौवनकाल (जुन समयमा आमाबाबुसँग बढ्दो द्वन्द्व र वयस्क केटाहरू वा पुरुषहरूसँग संगत गर्न सक्छन्), यौन हिंसा वा दुर्वव्यवहार, मनोरोग र कुन्ठा पर्दछन् ।

## ६ दुरुपयोगका असरहरु

### ६.१ सामान्य

विश्वभर हरेक वर्ष हिंसात्मक रूपमा मारिने पाँच लाख भन्दा बढी व्यक्तिहरू-द्वन्द्वग्रस्त क्षेत्र र अन्य ठाउँहरूमा-चार पन्थाई भन्दा बढी (८४ प्रतिशत) पुरुष र एक पन्थाई भन्दा कम (१६ प्रतिशत) महिला छन्। विश्वव्यापी रूपमा हुने हिंसात्मक मृत्युमध्ये झन्डै आधाजसो र महिला र बालिकाहरुको हत्या (अर्थात् महिला हत्या) को झण्डै एक तिहाइमा साना हतियारहरुबाट हुन्छ ।

अधिक हिंसा हुने देशहरूमा अधिकांश पीडित पुरुष हुन्छन्, तरपनि यस्ता अवस्थाहरुमा महिलाको ज्यान जाने जोखिम पनि उत्तिकै टड्कारो हुन्छ । जहाँजहाँ साना हतियारहरुले गम्भिर हिंसाको समस्या निन्त्याएकोछ, त्यहाँ सबै पुरुष महिला पीडित हुने जोखिम उत्तिकै रहन्छ ।

सशस्त्र हिंसाका पीडक, पीडित वा साक्षीको रूपमा, पुरुष, महिला, बालक र बालिकाहरुले लामो समयसम्म गहिरो मनोवैज्ञानिक आघात भोग्न सक्दछन् ।

## ६.२ पुरुष र बालकहरुमा प्रभाव

### ६.२.१ सामान्य

अधिकाशं पुरुषहरु नै साना हतियारबाट हुने हिंसाका पीडित हुन्छन्। विशेषत युवाहरु (१५-२९ वर्षका) जोखिममा हुन्छन्– प्रायः उनीहरू नै बढी हिंसाको तारो हुन्छन् र साना हतियारद्धारा गरिने हिंसामा उनीहरुनै बढी जिम्मेवार हुन्छन्। अन्य उमेर समूहको तुलनामा युवाहरूनै साना हतियारको प्रयोगसँगै अपराधमा संलग्न हुने सम्भावना अधिक रहन्छ ।

### ६.२.२ हिंसात्मक पुरुषत्व

युवाहरुहरूले सामाजिक मान्यताहरूलाई निष्क्रिय भएर ग्रहण गर्दैनन् । आफ्ना सामाजिक परिवेशहरूबाट, परिवारबाट र साथीसंगीहरूबाट उनीहरूले मान्यताहरु बनाउँछन, तिनलाई सक्रिय रुपमा पुनःपरिभाषित गर्छन र नयाँ सृजना पनि गर्छन । युवाको लैंगिकताका कारणले मात्र उ सशस्त्र हिंसामा संलग्न भएको वा इच्छुक भएको मान्न सकिदैन । सामाजिक र सांस्कृतिक विचारधाराबाट पुरुषत्वको बुझाइले नै एउटा युवा सशस्त्र हिंसामा संलग्न हुन्छ कि हुदैन भन्नेले बढी प्रभाव पार्छ ।

पुरुषत्वलाई साना हतियारसँग गाँसेर हेरिनु पनि सामाजिक अवधारणा हो । कहिलेकाहीं बालकलाई सानो छँदा खेलौनाको रुपमा बन्दुक दिइन्छ, वा उनीहरू हिंसात्मक चलचित्र, संगीत-भिडियो वा भिडियो-गेमहरू हेरेका हुन्छन, वा वास्तविक जीवनमा देखेका गिरोह, लडाकु पात्रहरूको अनुकरण गर्नसक्छन् । बाल्यकालदेखि पुरुषत्वसम्मको अनुष्ठानमा कहिलेकाही साना हतियारहरूको प्रयोग हुन्छ । हतियार उठाउने आह्वानले प्रायः पुरुषत्वको लोकप्रिय धारलाई जानाजानी अपील गर्नसक्छ ।

महिलाको मनोवृत्तिले पनि शक्तिशाली सांस्कृतिक अवधारणा बनाउन मद्दत पुग्नसक्छ जसमा पुरुषत्व भनेको हिंसात्मक व्यवहार हो जसले साना हतियारको प्रयोग गर्छ भन्ने देखाउँछ । महिलाहरूले कहिलेकाहीँ पुरुषहरूलाई लड्न (वा नलड्दा हुतिहारा मान्ने)) उकास्छन् र अझ सूक्ष्म रूपमा, साना हतियारहरू कायम गर्न र प्रयोगलाई पुरुषत्वको रुपमा बढावा दिने परम्परागत मनोवृत्ति देखाउँछन ।

साना हतियारहरूले सशस्त्र हिंसा निम्त्याउने जोखिम टड्कारो रहन्छ । यी हतियारहरूको उपलब्धतालाई सीमित गरि नियमन गर्दैमा स्वतः यस्ता हतियारहरुको माग र हिंसाका अन्तरनिहित कारणहरुमा कमी आँउछ भन्ने होईन ।  पुरुषहरूबीच साना हतियारहरूको माग र दुरुपयोगका अर्न्तनिहित कारणहरूलाई सम्बोधन गर्न, साना हातहतियार र हिंस्रक व्यवहारलाई पुरुषत्वसँग हेरिन परिपाटीलाई बुझ्न र सम्बोधन गर्न आवश्यक छ।

साना हतियार, हिंसा, शक्ति र पुरुषत्ववारे बनाइएका विद्यमान सामाजिक सम्वन्धहरुलाई चिरफार गर्नु प्रभावकारी र दीर्घकालीन हिंसा न्यूनीकरण गर्ने रणनैतिक कडी हो। हिंसात्मक पुरुषत्वको समस्यालाई सम्बोधन

गर्न लैङ्गिक समानताका लागि बलियो प्रतिबद्धता चाहिन्छ र पुरुष हुनुको अर्थको पुनःपरिभाषा चाहिन्छ - अर्थात् पुरुषत्व भन्नु आक्रामकता वा हिंसामूखी हुनु होइन ।

### ६.२.३ लैङ्गिक र यौन हिंसा

महिला र बालिकाहरु लैङ्गिक र यौन हिंसाको मुख्यत शिकार भएपनि, पुरुष र बालककहरुहरु पनि यस्तो हिंसा लक्षित हुन्छ, विशेष गरी सशस्त्र द्वन्द्वको समयमा, जसलाई साना हतियारहरूले मलजल गर्न सघाउँछन । गैर-लडाकू पुरुषहरू लडाकू पुरुषहरू भन्दा बढी लैङ्गिक हिंसाबाट पीडित हुन्छन्, जस्तो लैङ्गिकआधारमा गरिने नरसंहार, बाध्यकारी भर्ती र यौन हिंसा । एक्काइसौं शताब्दीको पहिलो दशकमा, २५ भन्दा बढी सशस्त्र द्वन्द्वहरूमा पुरुष र बालकहरू विरुद्ध यौन हिंसाका घटनाहरू भएका थिए ।

### ६.२.४ आत्महत्या

पुरुष आत्महत्याको गम्भीर जोखिम साना हतियारहरुको उपलब्धता हो। आत्महत्या गर्न प्राय पुरुषहरुले साना हातहतियार प्रयोग गर्छन । सानो हतियार मार्फत गरिने आत्महत्याहरु प्रायः घरमा हुन्छन । यस्ता घटनाहरुमा संलग्न पुरुषहरूको रगतमा रक्सीको मात्रा हुन्छ र प्राय उनीहरुले मनोचिकित्सक सेवाहरू कहिल्यै लिएका हुँदैनन् र आँफैलाई हानी गरेको विगत पनि भेटिन्न ।

## ६.३ महिला र बालिकाहरुमा प्रभाव

### ६.३.१ सामान्य

महिला र बालिकाहरु साना हतियारहरूबाट धेरै हदसम्म असमान रूपमा प्रभावित हुन्छन्। उदाहरणका लागि, तिनीहरूको मृत्यु गोली लागेर हुने दर उनीहरुको जनसंख्याको अनुपातमा असमान छ (अर्थात् कम) (किनकि साना हतियारबाट महिलाहरू भन्दा बढी पुरुषहरू मारिन्छन) र सो कारणबाट उनीहरुको मृत्यु हुने अनुपात पनि असमान छ (अर्थात् बढी) छ। जुन अनुपातमा उनीहरु साना हतियारका मालिक वा प्रयोगकर्ताहरू हुन् । उदारहण पुरुष पीडकको हातबाट महिलाहरू सशस्त्र हिंसाको शिकार हुने सम्भावना धेरै गुणा बढी हुन्छ । प्राय सबै साना हतियारहरू पुरुषहरूको स्वामित्वमा छन्, प्रयोग र दुरुपयोग पनि उनीहरुबाटै हुन्छ भन्ने तथ्यले महिलाहरू जोखिममा रहन्छन ।

### ६.३.२ महिला हिंसा

साना हतियारहरूले सामान्यतया घातक हिंसा निम्त्याउछ र यो विशेषतः महिलाहरू विरुद्ध हुनेगर्छ । तर्साउन, धम्की दिन वा बलजफ्तीका लागि साना हतियारको प्रयोग गरिन्छ भन्न सकिन्छ । महिला हत्याको सिकार हुने महिलाहरूले प्रायः आफु पुरुषहरुबाट हिंसामा परेको, बलजफ्ती गरिएको जस्ता विविध दुरव्यवहारमा परेको उल्लेख गरेका छन् ।

#### ६.३.२.१ महिला हत्या

विश्वमा सबैभन्दा धेरै महिला हत्या हुने क्षेत्रहरू ती हुन् जहाँ सबैभन्दा बढी घातक हिंसाको अवस्था उच्च छ । यद्यपि, गैर-द्वन्द्व पृष्ठभूमिमा- जहाँ ९० प्रतिशत हिंसात्मक मृत्यु हुन्छ-त्यहाँ हिंसात्मक मृत्यु दर र महिलाहरु पीडित हुने अनुपात मिल्दो देखिदैन-अर्थात् हिंसात्मक मृत्युको उच्च दर भएका देशहरूमा, महिला

पीडितहरूको अनुपात विश्वव्यापी औसत दर १६ प्रतिशतभन्दा कम रहेको छ । हिंसात्मक मृत्युदर कम भएका देशहरूमा यो अवस्था उल्टो छ ।

नोटः अमिल्दो तथ्यबारे प्रष्टोयुक्तीः हिंसात्मक मृत्यु उच्च भएका देशहरूमा पनि महिला हत्याको दर उच्च छ; तर यी देशहरूमा महिलाको तुलनामा धेरै पुरुष मारिने भएकाले महिला र पुरुष पीडितको अनुपात विश्वव्यापी औसतभन्दा कम छ। यसको विपरित, हिंसात्मक मृत्युदर सबैभन्दा कम भएका देशहरूमा पनि महिला हत्याको दर सबैभन्दा कम छ, तर यी देशहरूमा कम पुरुषहरू मारिने भएकाले, महिला र पुरुष पीडितहरूको अनुपात विश्वव्यापी औसतभन्दा माथि छ (वास्तवमा, केही उच्च आय भएका देशहरूमा हिंसात्मक मृत्युको दर कम हुने भएकाले ती देशहरुमा प्रत्येक वर्ष पुरुषहरू भन्दा धेरै महिलाहरू नै हिंसात्मक घटनाहरुबाट ज्यान गुमाउँछन ।)

महिला हत्याको दर उच्च भएका देशहरूमा आधाभन्दा बढी महिला र बालिकाको हत्या साना हतियारहरुबाट हुने गरेको छ ।

महिला हत्याका अधिकांश अपराधीहरू पुरुष हुन् र प्रायः अहिलेका वा विगतका घनिष्ठ साथी, परिवारका सदस्यहरू वा पीडितका साथीहरू नै हुन्। घनिष्ठ साथी वा परिवारका सदस्यद्वारा हत्या गरिएका महिलाहरु उनै अपराधीहरुबाट यसभन्दा पहिल्यै हिंसा र दुर्व्यवहारहरु भोगेको पाईन्छ । घनिष्ठ साथी वा परिवारका सदस्यहरूबाट हुने महिला हिंसाका कारण हिंसा भइरहेका बेला वा रोकिए पश्चात प्रायः पीडितहरुले आत्महत्यातर्फ आफूलाई डोऱ्याउँछन् ।

### ६.३.२.२ घनिष्ठ साथीबाट र घरेलु/पारिवारिक हिंसा

घनिष्ठ साथी तथा घरेलु/पारिवारिक हिंसा सामान्यतय घटिरहने सर्बव्यापी र धेरै नै लैङ्गिकजरा गाडेको समस्या हो। महिलाहरूले यसको अत्यधिक भार पुरुषहरुबाट भोक्छन्। यसका निकृष्ट स्वरुपहरु भनेको वारवार दोहोरिरहने हिंसा तथा दुर्व्यवहार हो जसमा साना हतियारहरूको प्रयोग हुनसक्छ ।

कूल महिला हत्याहरुमध्ये घनिष्ठ साथी र घरेलु/पारिवारीक तवरमा घटाइएका घातक हिंसाको अनुपात कम देखिन्छ (३ प्रतिशत भन्दा कम) जहाँ ठूलो संख्यामा महिला हत्या हुने गरको पाईन्छ भने महिला हत्या दर न्यून भएका देशहरूमा उच्च (८० प्रतिशतसम्म) हुन्छ। अर्को शब्दमा, महिला हत्यादर उच्च भएको देशमा महिलाको हत्या हुने सम्भावना भएतापनि अपराधी घनिष्ठ साथी वा परिवारको सदस्य हुने सम्भावना कम हुन्छ (महिला हत्यादर कम भएका देशहरूमा यो कुरा सत्य हो) ।

घनिष्ठ साथी र घरेलु/पारिवारिक हत्या मात्र त्यस्तो समूह हो जहाँ पुरुष भन्दा बढी महिला पीडितका रुपमा रहन्छन॥ विश्वव्यापी रूपमा, ४० देखि ७० प्रतिशत महिला हत्याका घटनाहरु घनिष्ठ साथी वा परिवारका सदस्यबाटै भएको पाइन्छ । साना हातहतियारहरू सजिलै उपलब्ध हुने देशहरूमा प्रायः ती महिला हत्याका लागि प्रयोग गरिन्छन्। यसको ठीक विपरित, साना हातहतियारबाट मारिने अधिकांश पुरुषहरू घरबाहिरै उनीहरूका घनिष्ठ साथी वा परिवारका सदस्यहरू इतरबाट मारिन्छन् ।

घनिष्ठ साथीबाट र घरेलु/पारिवारिक तवरबात हुने हिंसाका विभिन्न स्वरूपहरू, जस्तै शारीरिक, मनोवैज्ञानिक र बलात्कार, पीछा लाग्ने लगायतका यौन हिंसामा पनि साना हातहतियारहरूको प्रयोग भएको पाइन्छ ।

सशस्त्र द्वन्द्वको समयमा घनिष्ट साथीबाट र घरेलु/पारिवारिक तवरबाट हुने हिंसा दर उच्च हुन्छ र महिलाहरूले भोग्नुपर्ने पीडा द्वन्द्व उप्रान्त बढेर जान्छ। सशस्त्र द्वन्द्वको समयमा साना हतियारहरूको बढ्दो उपलब्धताले घरमा हिंसा बढ्ने जोखिम रहन सक्छ।

घनिष्ट साथीबाट र घरेलु/पारिवारीक तवरमा हुने हिंसाका घटनाहरू, जहाँ साना हातहतियारहरूको प्रयोग हुन्छ, प्रायः जानकारीमा आँउदैनन्। पीडित महिलाहरुले भोग्दै आएका यस्ता हिंसाका जटिलताहरुलाई हिंसा पीडित महिलाहरूलाई पर्याप्त सेवा र सुरक्षा प्रदान गरि उचित ढंगले सम्बोधन गर्न संस्थागत र नीतिगत प्रयासहरु प्राय असफल नै हुन्छन् ।

घनिष्ट साथीविरुद्ध साना हातहतियार सहित हिंसामा उत्रिने महिलालाई पीडित वा पीडक कहलाउन सकिन्छ। पीडितका हिसावले हिंसामा उत्रिने महिलाले घनिष्ठ साथीको दुर्व्यवहार विरुद्ध प्रतिरोध र प्रतिकार गरेको हुनसक्छ भने महिलाले पीडकका रुपमा दुर्व्यवहार गर्न पनि सक्छन। साथीबाट विगतमा वा अहिले पनि भैराखेका आक्रमणहरु विरुद्ध आत्मसुरक्षा वा न्यायको आवश्यकताबाट प्ररित भई महिलाहरुले शारीरिक आक्रमण शुरु गर्न वा त्यसलाई प्रयोग गर्न सक्छन।

### ६.३.२.३ घरमा साना हतियारहरू

घरमा साना हातहतियार हुँदा घरका सबै सदस्यहरूलाई बढ्दो जोखिमको महशुस हुन्छ। बढ्दो घरेलु हिंसा, जसबाट बढीजसो महिलाहरू प्रभावित हुन्छन्, बाट विशेष गरी महिलाहरू जोखिममा रहन्छन् किनकि घरको सानो हातहतियार धम्की दिन वा हानी पुर्‍याउन प्रयोग हुनसक्छ। साना हतियारलाई बेढंगपूर्वक प्रयोग हुँदा चोटपटक लाग्न वा ज्यान जान सक्छ, र बच्चाहरूका लागि विशेष जोखिम निम्त्याउन सक्छ। आत्महत्या निम्त्याउन यो एक प्रभावकारी माध्यम हुन सक्छ जसको कारण अन्य आत्महत्याका विधिहरू भन्दा ज्यान लिने वा गम्भीर चोट पुर्‍याउने सम्भावना बढी हुन्छ।

खण्ड ५.४.१ मा उल्लेख गरिए अनुरुप, साना हातहतियार (जस्तै कानून प्रवर्तन, सैन्य र निजी सुरक्षा) प्रयोग हुने पेशाहरूमा महिलाको प्रतिनिधित्व एकदमै न्यून छ। साना हातहतियार प्रयोग गरिने पेशाबाट घरमा फर्कदा पुरुषले ल्याउने सो हतियारबाट परिवारका सदस्यहरू, विशेष गरी महिला र बालबालिकाहरू, को ज्यान जाने वा घाइते हुने जोखिम रहन्छ।

पोस्ट-ट्रमाटिक तनावबाट पीडित पुरुष सिपाही र प्रहरी अधिकारीहरूले आफ्नो मनोवैज्ञानिक र शारीरिक आक्रोस सो समस्या नभएकाहरुको तुलनामा आफ्ना प्रियजन विरुद्ध खनाउने सम्भावना धेरै हुन्छ र उनीहरूले आफैं विरुद्ध साना हातहतियार तेर्साउने उच्च जोखिम रहन्छ। पोस्ट-ट्रम्याटिक तनावबाट पीडित महिला सिपाही र प्रहरी अधिकारीहरूले आफै विरुद्ध घातक आक्रमण गर्ने सम्भावना बढी रहन्छ।

घर भित्र र बाहिर कामको सिलसिलामा प्रदर्शन हुने साना हतियारले सार्वजनिक र निजी स्थानमा साना हतियारहरूको प्रदर्शनलाई धेरैनै सामान्यीकरण बनाउन सक्छ जसबाट समाजको सैन्यकरण हुने र महिलाहरूका लागि विशेषतः गम्भीर नकारात्मक असर पार्न सक्छ।

### ६.३.२.४ लैङ्गिक र यौन हिंसा

साना हातहतियार र लैङ्गिकतथा यौनिक हिंसाबीच सम्बन्ध देखिन्छ, जहाँ महिला र किशोरीहरू मुख्य पीडित हुन्छन्। सशस्त्र द्वन्द्वका शरणार्थीहरूले प्रायः आफ्नो घरबाट भाग्नुको मुख्य कारण बलात्कारमा परेको घटनालाई

उद्धृत गर्छन् जुन घटना सशस्त्र पुरुषद्वारा गरिएको हुन्छ। द्वन्द्वमा यौन हिंसाका केही रूपहरू, जस्तै बलात्कारलाई, युद्ध अपराधको रूपमा वर्गीकृत गर्न सकिन्छ र केही हदसम्म नरसंहारको अंश बन्छ ।

बलात्कार लगायत अन्य यौनिक हिंसाका घटना भैरहनुले समाजमा बढ्दो तनाव र द्वन्द्व विष्फोटनको अवस्थामा रहेको मनन गरि द्वन्द्व व्यवस्थापनको बेला भएको संकेतका रुपमा प्रयोग गर्न सकिन्छ । यद्यपी, बलात्कार र यौन हिंसाका अन्य स्वरूपहरू अक्सर प्रकाशमा आँउदैनन् । डाटा वा तथ्याक बाहिर आँउने बेलासम्म तनाव र द्वन्द्व धेरै अघि बढिसकेको हुन्छ ।

साना हातहतियार सम्बन्धी यौन हिंसाका सामान्य सूचकहरूमा

क) हतियारधारीहरुले घरमा छापा मार्छन् र खानतलासी गर्छन्, जहाँ विशेष गरी महिलाहरू घरमा एक्लै छन्;

ख) भूतपूर्व लडाकुहरु (विशेष गरी यौन हिंसाको इतिहास बोकेका समूहहरू) भर्खरै पुनःस्थापित भएको सैन्य समूहबाट साना हतियारहरू लिएर फरार हुन्छन्/छोडेर भाग्छन्;

ग) हतियार बोकेर शरणार्थी समूह, आन्तरिक रूपमा विस्थापित वा अस्थाइ शिविरहरूमा हतियार बोकेकाहरुको घुसपैठ र त्यस्ता शिविरहरूमा साना हतियारहरूको फैलावट;

घ) विस्थापित महिलाहरू हतियारधारीहरुद्धारा नियन्त्रित चेकपोइन्टहरु पार गरेर जाँदाको असुरक्षा वा आपतकालिन अवस्थाबाट सृजना हुने आम विस्थापन;

ङ) हतियारधारीहरू द्वारा यौन प्रकृतिका धम्कीहरुबाट बढ्दो त्रास बारे महिला/ किशोरीहरुबाट जानकारी; र

च) हतियारधारीहरु उपस्थित हुने क्षेत्रमा (प्रायः अपहरणसँग जोडिने) विद्यालय जाने वा विद्यालयबाट फर्कने क्रममा किशोरीहरू बेपत्ता भएका रिपोर्टहरू ।

### ६.३.२.५ सशस्त्र द्वन्द्व र हिंसाको परोक्ष प्रभाव

सबै उमेर समुहका महिला तथा पुरुष गैह्–लडाकूहरूले सशस्त्र द्वन्द्वका परोक्ष परिणामहरूबाट धेरै नै पीडा भोग्छन्, जस्तै खाद्या, खानेपानी, वसोवासको पहुँचमा कमी, साथै स्वास्थ्य र शिक्षा जस्ता आवश्यक सामाजिक सेवाहरूमा कमी ।

गैर-लडाकू महिला र किशोरीहरू उल्लेख्य प्रभावित हुन्छन्। सशस्त्र द्वन्द्वका परोक्ष असरहरुमा गर्भावस्था र प्रसवसँग सम्बन्धित मृत्यु र अपांगता (प्रजनन स्वास्थ्य सेवाहरूको प्रवाह अवरुद्ध हुने भएकाले), साथै बलात्कारबाट हुने यौनजन्य रोगहरु फैलन सक्छन् ।

सशस्त्र द्वन्द्वको समयमा र त्यसपश्चात पनि महिला र किशोरीहरूले साना हातहतियार र हलुका हतियारको उपलब्धता र दुरुपयोगका पत्यक्ष र परोक्ष परिणामहरु भोग्नसक्छन्- जस्तै बलात्कार, बाध्यकारी गर्भावस्था, यौन शोषण, यौन दुर्व्यवहार, यौनिक हिंसा, वेश्याबृत्तिमा जबर्जस्ती लगाइनु, यौन दासी/दासत्व र जबरजस्ती बन्ध्याकरण, लगायत यौन हिंसाबाट बाँचेकाहरू विरुद्ध थप हिंसा हिंसा, जस्तै तथाकथित “इज्जतका लागि गरिने हत्या” र अंगभंग पार्ने जस्ता अपराध पर्छन ।

सशस्त्र द्वन्द्वबाट निम्तने सामाजिक तथा आर्थिक असरहरूबाट असामान्य रूपले सबैभन्दा बढी महिलाहरु प्रभावित हुन्छन्। युद्धकालमा आफ्नो पुरुष सदस्य युद्ध मैदानमा हुँदा महिलाका जिम्मेवारीहरु ह्वात्तै बढेर जान्छन् । आफ्नो परिवारका सदस्यहरुलाई सहयोग गर्ने वा पूर्ण-समय हेरचाह गर्ने आर्थिक बोझ महिलाहरूमा

पर्छ जब आफ्नो पुरुष वर्ग लडाईमा मारिन्छन्, घाइते हुन्छन् वा अशक्त हुन्छन्। आफ्नो श्रीमान्, वुवा वा दाइभाइ गुमाएका विधवा र अविवाहित महिलाहरू लैङ्गिक हिंसामा पर्ने जोखिम बढी रहन्छ ।

विश्वका अधिकांश विस्थापित व्यक्तिहरू महिला, बालबालिका र वृद्धवृद्धा हुन्। शरणार्थी शिविरहरूमा, विस्थापित महिलाहरूले आफ्नो परिवारको हेरचाह गर्दा सशस्त्र हिंसाको सामना गर्नुपर्ने हुनसक्छ। बाध्यकारी विस्थापन, शरणार्थी शिविरहरूको सैन्यकरण र सशस्त्र हिंसा प्रभावित क्षेत्रहरूमा मानवीय सहायता फिर्ता गर्दा सबैभन्दा गम्भीर असर सबैभन्दा जोखिममा रहेका समूहहको आधारभूत सेवाहरूमा परेको हुन्छ ।

द्वन्द्व उप्रान्त पनि समाजमा साना हातहतियार र हलुका हतियारहरूको नकारात्मक प्रभाव जारी रहन्छ । शरणार्थीहरू र आन्तरिक रूपमा विस्थापित भएका मानिसहरू - मुख्यतया महिला, बालबालिका र वृद्धबृद्धाहरू- हिंसा जारी रहँदा र अझै पनि जनसंख्याको ठूलो अंशसँग हातहतियारहरू कायम भएसँगै उनीहरु आफ्नो घर फर्कन हिचकिचाउँछन्। द्वन्द्व उप्रान्त पनि असुरक्षाको महशुश गरेर समुदायहरूले हतियारहरु राख्नुपर्ने महसुस गर्न सक्छन् ।

## ७ साना हातहतियार नियन्त्रणको लैङ्गिकमूलप्रवाहीकरणका लागि मार्गदर्शक सिद्धान्तहरू

### ७.१ सामान्य

साना हातहतियार नियन्त्रण पहलहरूमा लैङ्गिक संवेदनशीलता-कानूनी, नीतिगत, कार्यक्रम वा परियोजना स्तरका किन नहुन्-साना हातहतियार र हलुका हतियारहरूको अवैध व्यापार र दुरुपयोगका प्रतिकूल प्रभावहरूलाई सम्बोधनमा लैङ्गिकअवधारणाहरु प्रयोग नगर्नेको तुलनामा बढी प्रभावकारी हुन्छन्। यसरी, साना हातहतियार नियन्त्रण पहलहरुका सबै चरणमा लैङ्गिकदृष्टिकोण अपनाई यस्ता पहल’को समग्र गुणस्तरीयता सुनिश्चित गर्न आवश्यक छ ।

### ७.२ लैङ्गिकविज्ञता सहित सुरुदेखि नै संलग्न हुने

साना हातहतियार नियन्त्रण पहलहरूको लेखाजोखा, योजना निर्माण र तिनको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा प्रारम्भिक चरणबाटै लैङ्गिक समानतामा विज्ञ संस्थाहरू, महिला संगठनहरू र लैङ्गिक विशेषज्ञहरूलाई समावेश गर्नुपर्छ।

### ७.३ सरोकारवालाहरू बीच सहमति निर्माण गर्नुहोस्

साना हातहतियार र हलुका हतियारहरूको सम्बन्धमा लैङ्गिकदृष्टिकोणको महत्वपूर्ण भूमिका रहन्छ र महिला र पुरुषमा तिनको नितान्त फरक प्रभाव पर्छ भन्ने ज्ञान साना हातहतियार नियन्त्रण पहल’को आधारभूत पक्ष हो । सबै सरोकारवालाहरूले यो बुझाईलाई अंगिकार गर्नुपर्छ र लैङ्गिक-संवेदनशील दृष्टिकोणहरू अपनाउन प्रतिबद्ध रहननुपर्छ ।

सबै सरोकारवालाहरूबीच आवश्यकता अनुरुप लैङ्गिक संवेदनशीलता, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक विश्लेषण ( लैङ्गिकतथ्याङ्कहरू प्रयोग गरेर) विषयहरु लगायत दीर्घकालीन सिकाईबुझाईमा सबैको एकमत हुनेगरि तालिमहरू सञ्चालन गर्नुपर्छ ।

परियोजना/कार्यक्रमको दस्तावेजमै महिला र पुरुषका लागि लक्षित प्रतिफलहरु हाँसिल गर्न लैङ्गिकसंबेदनशील दृष्टिकोण कायम गरिएको प्रतिबद्धता जनाउन औपचारिक रुपमै प्रतिवद्धतापत्र जाहेर गर्नुपर्छ।

महिला अधिकार र लैङ्गिक संवेदनशिल कार्यका सन्दर्भमा समाजका विभिन्न तहमा शुन्यता र तनाव हुन सक्छ। महिला नेतृत्वलाई प्रवर्द्धन गर्ने लैङ्गिक-संवेदनशील दृष्टिकोणहरू प्रस्ताव गर्ने संस्थाहरूले यि पक्षमा ध्यान दिनुपर्छः

क) कसैका पनि हानी नगरौं अवधारणा (अर्थात् महिलालाई असहनीय जोखिमयुक्त अवस्थामा नधकलौं);

ख) साना हातहतियार नियन्त्रण पहलहरूमा लैङ्गिक-उत्तरदायी पहल'का लागि सञ्चालन गरिन राष्ट्रिय/स्थानीय क्षमता विकास कार्यक्रमहरुमा उनीहरुको दिगो संलग्नता कायम गराउन प्रतिबद्ध हुनुहोस्; र

ग) उत्पन्न हुन सक्ने कुनै पनि नकारात्मक परिणामहरूलाई सम्बोधन गर्न तयार हुनुहोस्, उदाहरणका लागिः आफ्नो परम्परागत शक्ति वा हैसियत खतरामा परेको महसुस गर्नसक्ने समाजका विभिन्न निकायले त्यस्ता दृष्टिकोणलाई कमजोर पार्ने प्रयास गर्न सक्छन्।

लैङ्गिक परिप्रेक्ष्यलाई स्वीकार गर्न र त्यसमा कार्य गर्न प्रतिरोध गर्ने अवस्थाहरुमा, बृहत्तर मानव सुरक्षा र मानव अधिकार ढाँचा भित्र साना हातहतियार नियन्त्रणका लागि लैङ्गिक-संवेदनशील दृष्टिकोणहरूलाई कैद गर्दा उपयोगी हुन सक्छ।

## ७.४ लैङ्गिकर उमेरमा खण्डीकरण गरिएको तथ्याकं संकलन गर्नुहोस्

### ७.४.१
### सामान्य

साना हतियारको दुरुपयोगका लैङ्गिक-विशिष्टता र आयामहरु बुझ्न र ति सवालहरुलाई सम्बोधन गर्न प्रमाणमा-आधारित, लैङ्गिक-उत्तरदायी पहलहरूको खाका बनाइनुपर्छ जहाँ तथ्याकंलाई लिंग र उमेरका आधारमा खण्डीकरण गरिनु पूर्वशर्त नै हो। साना हतियारहरूले महिला र पुरुषलाई पार्ने विभिन्न जोखिम र तिनीहरुका विशेष सुरक्षा आवश्यकताका बारे सही जानकारी प्राप्त नगरि कार्य गर्दा, साना हातहतियार नियन्त्रणका पहलहरु लैंगिकमैत्री हुँदैनन्। यसबाट महिला र किशोरीहरुलाई लाभ प्राप्त हुने परिणामहरू प्राप्त गर्न सकिदैन।

द्रष्टव्यः साना हातहतियार नियन्त्रणका लागि डाटा सङ्कलन सम्बन्धमा थप मार्गदर्शनको लागि, MOSAIC 05.10, *साना हातहतियार र हलुका हतियार सर्वेक्षण* हेर्नुहोस्।

## ७.४.२ लैङ्गिक संवेदनशील सर्वेक्षण

साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरु गरिदा लिंग- र उमेर-खण्डीकृत तथ्याकं संकलन गरिनेछ जहाँ लैङ्गिकसवालमा केन्द्रीत प्रश्नहरू समावेश हुनेछन्।

सर्वेक्षण सञ्चालन महिला मामिलासँग जिम्मेवार सरकारी मन्त्रालय, राष्ट्रिय महिला अधिकार संगठनहरू र/वा समकक्षी विशेषज्ञहरूले गराउन सक्नेछन् जहाँ सर्वेक्षणको डिजाइन, सर्वेक्षण कर्मचारीलाई तालीम र सर्वेक्षण परिणाणको लैङ्गिक विश्लेषण गर्ने कार्यमा लैङ्गिक विज्ञता देखिनुपर्छ ।

सर्वेक्षण टोलीमा लैङ्गिक विज्ञहरू समेटिनुपर्छ। सर्वेक्षणकर्ताहरू, गुणस्तर अधिकृतहरू, विश्लेषकहरू र प्रबन्धकहरू सहित सबै सर्वेक्षण कर्मचारीले आधारभूत लैङ्गिक प्रशिक्षण पाउनुपर्छ। विशेष गरी सर्भेयरहरूले सशस्त्र कालमा घट्ने यौन हिंसा लगायत संवेदनशील, लैङ्गिक-मुद्दाहरूमा मात्र सीमित नभई अन्तर्वार्ताहरूका लागि विशेष प्रशिक्षण प्राप्त गर्नुपर्छ ।

महिला, किशोरी र किशोरहरुसँग अर्न्तवार्ता लिन महिला सर्वेक्षणकर्ता वा महिला सर्वेक्षण टोली खटाउन सकिन्छ। सर्वेक्षण प्रोटोकलमा महिला, पुरुष, किशोरी र किशोरका लागि छुट्टै समूह वा फोकस ग्रुप बनाइनुपर्छ ।

स्थानीय महिला र लैङ्गिक सवालमा केन्द्रीत नागरिक समाजका संस्थाहरूले सर्वेक्षण प्रक्रियाको बारेमा सचेतना र जानकारी अभिबृद्धिमा सघाउन सक्छन् र अन्तर्वार्ता सञ्चालनमा सहजीकरण गर्न सक्छन्।

द्रष्टव्यः थप मार्गदर्शनको लागि, MOSAIC 05.10 हेर्नुहोस्, *साना हातहतियार र हलुका हतियार सर्वेक्षण सञ्चालन गर्दै ।*

## ७.४.३ नैतिक पक्ष

महिला विरुद्धको हिंसा लगायत लैङ्गिकआधारमा गरिने तथ्याकं संकलन कार्य अति संवेदनशील प्रकृतिको हुन्छ र यस्ता सवालहरुमा सूचना संकलन कार्य जोसुकैका लागि विशेष चुनौतीहरुपूर्ण हुन्छ।

कुनै पनि तथ्याकं सङ्कलनकार्य प्रारम्भ गर्नुअघि नैतिक र सुरक्षाका मुद्दाका सम्पूर्ण दायरालाई विचार गरिनेछ र सम्बोधन गरिनेछ । त्यसो गर्न असफल भएमा सर्वेक्षणमा भाग लिनेहरूको शारीरिक, मनोवैज्ञानिक र सामाजिक हीतमा ठेस पुग्नसक्छ र जीवन जोखिममा पर्नसक्छ ।

लागू हुने परिस्थितिहरूमा, निम्न दिशानिर्देशहरू लागू गरिनेछः

*महिला विरुद्ध हिंसा अनुसन्धानः अनुसन्धानकर्ता र अभियन्ताहरूका लागि व्यावहारिक गाइड,* विश्व स्वास्थ्य संगठन र प्रोग्राम फर अप्रोपिरियट टेक्नोलोजी इन हेल्थ (PATH)

*प्राथमिकतामा महिलाः महिला विरुद्ध घरेलु हिंसा सम्बन्धी अनुसन्धानका लागि नैतिक र सुरक्षा सिफारिसहरू,* विश्व स्वास्थ्य संगठन ।

*संकटकालीन अवस्थामा यौन हिंसाको अनुसन्धान, दस्तावेजीकरण र निगरानीका लागि WHO नैतिक र सुरक्षा सिफारिसहरू,* विश्व स्वास्थ्य संगठन ।

मनव बेचबिखनमा परेका महिलाहरूको अर्न्तवार्ताका लागि *WHO* नैतिक र सुरक्षा सिफारिसहरू, विश्व स्वास्थ्य संगठन IDDRS 05.10, Women, *Gender and DDR*

## ७.५ लैङ्गिकविश्लेषण कार्य सञ्चालन गर्ने

साना हातहतियार र हलुका हतियार नियन्त्रण पहलहरूमा लैङ्गिकमूलप्रवाहीकरणका लागि लैङ्गिक विश्लेषण कार्य अनिवार्य प्रवेश बिन्दु हो । साना हातहतियार र हलुका हतियारहरू नियन्त्रण गर्ने प्रयासमा लैङ्गिक भिन्नता र असमानताहरू कसरी र किन सान्दर्भिक छन् भन्ने कुराको लेखाजोखा कार्य पहिलो चरणमै आवश्यक पर्छ। लैङ्गिक विश्लेषण बिना लैङ्गिक मूलप्रवाहीकरण सम्भव छैन ।

लैङ्गिक विश्लेषणको उद्देश्य लैङ्गिक सम्बन्ध र साना हतियारको दुरुपयोग बीचको सम्वन्धमा प्रकाश पार्नुहो । सरोकारवालाहरू बीच सहमति निर्माण गर्न सघाउने र साना हातहतियार नियन्त्रण पहलहरूमा लैङ्गिक-उत्तरदायी योजना निर्माण गर्न यो प्रभावकारी माध्यम हुन सक्छ (खण्ड 7.3 हेर्नुहोस्) ।

साना हातहतियार नियन्त्रण पहलहरूले लैङ्गिक सवाललाई पर्वाह गरेनन् वा तटस्थता कायम गरेमा पुरुष र महिलाबीचको विद्यमान असमानताहरूलाई अझै मलजल पुग्ने सम्भावना रहन्छ। लैङ्गिक विश्लेषणले यस्तो असमानतालाई सतहमा ल्याइ साना हातहतियार नियन्त्रण पहलहरूमा महिला र पुरुषका विभिन्न आवश्यकताहरू पूरा गर्न र दुवैलाई समान परिणाम दिन सक्छन् ।

द्रष्टब्यः १ साना हातहतियार नियन्त्रणका केही पक्षमा– उदाहरणका लागि सर्वेक्षण सञ्चालन गर्दा (MOSAIC 05.10), हतियार सङ्कलन (MOSAIC 05.40) वा सामुदायिक सुरक्षा सुध्रिढिकरण गर्दा (MOSAIC 04.20)– लैङ्गिक पक्षहरु अत्यन्त सान्दर्भिक र परिणामतः निर्णायक हुन्छन्। अन्य पक्षत्र-जस्तै चिन्ह लगाउने (मार्किङ) र अभिलेखिकरण (रेकर्डकिपिङ ( :इक्ब्क्ञ्ङ ण्छ.घण) वा भण्डार व्यवस्थापन (MOSAIC 05=20) - तिनीहरू कम महत्त्वपूर्ण हुन सक्छन् र अन्यसँग तौलने कारकहरूको एक सेट हुन सक्छ ।

द्रष्टब्यः २ थप मार्गदर्शनका लागि, "लैङ्गिकविश्लेषण कसरी गर्ने" (UNDP, 2016) हेर्नुहोस्।

## ७.६ पहिचान गरिएका लैङ्गिक सवालहरु सुल्झाउने

लिङ्ग- र उमेर-खण्डीकरणसहितको तथ्याङ्का आधारमा गरिने लैङ्गिकविश्लेषणले साना हतियारहरूको प्रयोग, दुरुपयोग र असरहरूका साथै साना हातहतियार नियन्त्रण प्रयासमा महिलाको सहभागितामा देखिनसक्ने अवरोधहरू केलाई निश्चित लैङ्गिकशैलीहरु प्रस्तुत गर्न सक्नुपर्छ। खण्ड ५ मा उल्लेख गरिए अनुरुप नै यी शैलीहरु मध्येका केही प्रतिबिम्बित हुन सक्छन्, र केही निश्चित प्रश्नहरु अनुरुपका हुन सक्लान् । दुवै तरिकाबाट हेर्दा साना हातहतियारहरू नियन्त्रण गर्ने पहलहरूले गर्दा पहिचान गरिएका लैङ्गिक शैलीलाई सम्बोधन गर्नेछन् र तिनीहरुको सम्वोधनका लागि निश्चित कदमहरू चाल्नेछन् ।

## ७.७ महिलाहरूको अर्थपूर्ण सहभागितालाई सघाउने

साना हातहतियार र हलुका हतियार नियन्त्रण मामिला पुरुषको मात्र क्षेत्राधिकार होइन । मूल्याङ्कन र डिजाइनदेखि योजना र कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्म सबै तहमा महिलाहरूले अर्थपूर्ण रूपमा सहभागीता जनाउनुपर्छ, नीति निर्माण देखि, कार्यक्रम र बजेटिङ लगायत सबै तहमा उपस्थिती जनाउनुपर्छ । साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी राष्ट्रिय समन्वय संयन्त्रको नीति निर्माण तहको संरचना निर्माण लैङ्गिक हिसाबले सन्तुलित हुनुपर्छ MOSAIC 03.40 को दफा ७.४.१ बमोजिम, *साना हातहतियार र हलुका हतियार सम्बन्धी राष्ट्रिय समन्वय संयन्त्र* ।

अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र स्थानीय स्तरमा काम गर्दै महिलाहरूले अवैध व्यापार, अनियन्त्रित फैलावट र साना हातहतियार तथा हलुका हतियारको दुरुपयोग रोक्न साथै साना हातहतियार हिंसाका पीडितहरूलाई सहयोग लगायत सबै पक्षमा अग्रणी भूमिका खेल्न सक्छन्। द्वन्द्व रोक्न र साना हातहतियार तथा हलुका हतियार नियन्त्रण गर्ने पहलमा महिलाको प्रतिनिधिमूलक सहभागितालाई प्राथमिकता दिइनेछ ।

### ७.८ लैङ्गिक-संवेदनशील सूचकहरू प्रयोग गरि प्रगति विवरण लिने

साना हातहतियार नियन्त्रण पहलको उद्देश्य भनेको अवैध व्यापार, अनियन्त्रित प्रसार र साना हतियारको दुरुपयोगलाई कम गरेर मानिसहरू- महिला, पुरुष, किशोरी र किशोरहरुको सामान्य सुरक्षा अभिबृद्धि गर्नु हो। अनुगमन र मूल्याङ्कनले त्यस्ता पहलहरूलाई प्रमाणित गर्नेछ जहाँ

क) महिला र पुरुषहरूका लैंगिक-विशेष जोखिमहरूलाई पर्याप्त र समान रूपमा सम्बोधन गरिएको हुन्छ;

ख) नियन्त्रणका पहलहरुमा महिला र पुरुषहरू दुवैपक्ष सन्तुलित र समान ढंगले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सबै पक्षहरूमा भाग लिन्छन्; र

ग) पहलका लाभहरु महिला र पुरुषबीच समान ढंगले बाँडफाँड गरिएको हुन्छ ।

यस उद्देश्य प्राप्तीका लागि, व्यक्तिगत रुपमा आकर्षित हुने सूचकहरु, अनुगमन र मूल्याङ्कन गर्दा लैङ्गिकरुपमा खण्डीकरण गरिएको हुन्छ ।

उदाहरण "साना हातहतियार सर्वेक्षणको समयमा परामर्श लिइएका प्रमुख-सूचकहरूको निश्चित संख्या" लेख्नुको सट्टा, "साना हातहतियार सर्वेक्षणको समयमा परामर्श गरिएका महिला र पुरुष मुख्य-सूचकहरूको संख्या" यति भनेर स्पष्ट उल्लेख गर्नुपर्छ ।

नोटः थप मार्गदर्शनको लागि, अनुसूची ख -बी), लैंगिक-उत्तरदायी साना हातहतियार र हलुका हतियार कार्यक्रमका सूचकहरू हेर्नुहोस् ।

लैङ्गिकखण्डीकरण गरिएका सूचकहरूको अनुगमनले महिला र पुरुषहरूको सहभागिता वा लाभ प्राप्ती असन्तुलन देखाउँछ भने, असन्तुलनलाई हटाउन सुधारात्मक प्रकृयाहरु सञ्चालन गरिनेछ, जसमा उनीहरूको सक्रिय संलग्नतामा देखिएका बाधाहरू हटाएर थप महिलाहरू समावेश गर्न सकियोस् ।

## ८ कार्यक्रममा लैङ्गिक अवधारणा

### ८.१ साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्वन्धी लैंगिक-उत्तरदायीत्व

साना हातहतियार र हलुका हतियार नियन्त्रण पहलहरुलाई लैंगिक-उत्तरदायी बनाउन निम्न तत्वहरू समावेश हुनुपर्छः:

क) विश्वव्यापी तथा क्षेत्रीय तहका विद्यमान सान्दर्भिक साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्झौताहरू र ती सँग जोडिएका कार्यक्रमहरु प्रति सरकारी प्रतिबद्धता, विशेष गरी लैङ्गिक समानता र महिला सशक्तीकरणलाई सम्बोधन गर्न ल्याइएका कायक्रमहरु सहित;

ख) सबै तहमा स्थानीय स्वामित्व;

ग) दातृ सहयोग;

घ) MOSAIC 03.40, *साना हातहतियार र हलुका हतियार नियन्त्रणमा राष्ट्रिय समन्वय संयन्त्र*, साथै संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्ताव 1325 (2000) र 1899 (2009) अनुसार महिला र महिला संगठनहरूको पूर्ण सहभागिता सुनिश्चित गर्ने समन्वय संयन्त्रहरू;

ङ) लैङ्गिक-संवेदनशील आधारभूत लेखाजोखा तथा कार्यक्रम निर्माण;


च) सरकारी अधिकारीहरू, सेवा प्रदायकहरू, सञ्चार माध्यम र नागरिक समाजका लागि लैङ्गिक प्रशिक्षण;

छ) लैङ्गिक-उत्तरदायी बजेट;

ज) लैङ्गिक विशेषज्ञता (जस्तै लैङ्गिक विशेषज्ञ, महिला नेतृ, महिला समूहका प्रतिनिधि, लैंगिकतामा आधारित हिंसा विरुद्ध लड्न कार्यरत पुरुष, आदि द्वारा प्रदान गरिएको; र

झ) महिला र पुरुषलाई उपयुक्त सेवा प्रवाह ।

**चिशत्र १ - लैङ्गिक उत्तरदायी साना हातहतियार र हलुका हतियार नियन्त्रणका मुख्य सारतत्व**




नोटः IDDRS 05.10 Women, Gender and DDR (१ अगष्ट २००६) बाट चित्र १ साभार गरिएको

## ८.२ क्षेत्रीय र राष्ट्रिय नीति विकास

साना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्य योजना (MOSAIC 04.10 हेर्नुहोस्) लाई फराकिलो बनाई राष्ट्रिय विकास र गरिबी न्यूनीकरण रणनीतिहरू, शान्तिनिर्माणका प्रयासहरू र मानव सुरक्षा ढाँचाहरूसँग पूर्णरुपमा एकीकृत गरिनुपर्छ, जहाँ लैङ्गिकता र उमेर संवेदनशीलतालाई मूलधारमा राख्नुपर्छ ।

साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी क्षेत्रीय र राष्ट्रिय नीति विकास प्रक्रियाहरू लैङ्गिक विशेषज्ञताद्वारा सूचित गरिनुपर्छ (खण्ड 7.2 हेर्नुहोस्), जसमा महिला र पुरुषका लैङ्गिक सवाल हेर्ने विज्ञहरू र लैङ्गिकतामा आधारित हिंसा उन्मूलनमा कार्यरत महिला र पुरुष समूहहरुसँग पहुँच बृद्धि गरि परामर्श गर्न सकिन्छ ।

क्षेत्रीय र राष्ट्रिय नीति विकास प्रक्रियाहरूले साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरूको लेखाजोखा, मस्यौदा तयारी, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि जिम्मेवार टोलीहरूमा महिला र पुरुषको सन्तुलित प्रतिनिधित्व सुनिश्चित गर्नेछ ।

## ८.३ राष्ट्रिय समन्वय संयन्त्र

MOSAIC 03.40 मा साना हातहतियार र हलुका हतियार नियन्त्रणमा राष्ट्रिय समन्वय संयन्त्र अर्न्तगत प्रसस्तै मार्गदर्शन प्रदान गरिएको छ।

राष्ट्रिय समन्वय संयन्त्र लैङ्गिक सन्तुलित हुनुपर्छ, महिला सहभागिता र नेतृत्वलाई बढावा दिनुपर्छ र समावेश गर्नुपर्छ । यसमा

क) महिला मामिला हेर्ने जिम्मेवार सरकारी मन्त्रालय;

ख) नागरिक समाज संगठनहरू, विशेष गरी महिला र पुरुषका समूहहरू जो लैंगिकताका आधारमा हुने हिंसा उन्मूलन गर्न कार्यरत छन् (आमन्त्रित विज्ञको रूपमा वा सार्वजनिक परामर्श मार्फत);

ग) प्रहरीको घरेलु/पारिवारिक हिंसा हेर्ने इकाई (यदि अवस्थित छ भने); र

घ) महिला सांसदहरू ।

## ८.४ मानव बेचबिखनसँग जोडिएर हेरिनुपर्ने

साना हातहतियार र हलुका हतियारको ओसारपसारलाई मानव बेचबिखन, लागूऔषध, बहुमूल्य खनिज लगायत अन्य प्रकारका ओसारपसारसँग जोडिएको हुन्छ। मानव बेचबिखनका अधिकांश पीडित महिला, किशोरी र किशोरहरु हुन्छन् र तस्करहरूले कहिलेकाहीं महिलाहरूलाई तस्करी एजेन्टको रूपमा पनि प्रयोग गर्छन् ।

साना हातहतियार र हलुका हतियारको अवैध व्यापारलाई सम्बोधन गर्दै,

क) विभिन्न प्रकारका ओसारपसार बीचको घनिष्ट सम्बन्धलाई ध्यानमा राखी सम्बन्धित क्षेत्रहरूका साथै सम्बन्धित राज्यहरूबीचको सहकार्य स्थापना गरिनुपर्छ;

ख) बाँच्न रणनीतिका रूपमा बेचबिखन नेटवर्कमा परेकाहरूको आवश्यकतालाई सम्बोधन गर्न सामाजिक र आर्थिक विकासका क्षेत्रहरू साथै नागरिक समाजका संस्थाहरूसँगको सहकार्य, परामर्श र संलग्नतामा विकास गरिनुपर्छ;

ग) हतियारको तस्करी रोक्न प्रभावकारी हुने भएकाले लक्षित आयआर्जन कार्यक्रमहरूवारे विचार गरिनुपर्छ;

घ) बेचबिखनमा परेका महिला, पुरुष, किशोरी र किशोरहरुको भनाइ, वास्तविक अनुभवको प्रमाण र गुणात्मक तथ्याङ्कलाई बेचबिखन विरुद्धको नीति र कार्य योजना तर्जुमा गर्न प्रयोग गर्नुपर्छ;

ङ) महिला संगठनहरूसँगको सहकार्यलाई प्रोत्साहन गरिनुपर्छ, विशेष गरी समुदाय-स्तरको बेचबिखन रोकथाम र पीडित सहायता कार्यक्रमहरूको डिजाइन र कार्यान्वयन गर्ने विशेषज्ञहरूसँग (यसले सीमामा पहिचान गरिएका बेचबिखन गरिएका महिला र बालिकाहरूलाई सेवाहरू सुधार गर्न पनि मद्दत गर्न सक्छ);

च) सीमा नियन्त्रणमा कार्यरत पुरुष र महिला कर्मचारी, विशेष गरी सीमा प्रहरी र भन्सार अधिकारीहरूलाई मानव बेचबिखनका पीडितहरूको पहिचान गर्न र अन्तर्वार्ता दिन तालिम दिनुपर्छ (लैङ्गिक मुद्दाहरूमा विज्ञ नागरिक समाजका संगठनहरूले यस्तो प्रशिक्षणमा सहयोग गर्न सक्छन्);

द्रस्टव्यः *MOSAIC 05.60, सीमा नियन्त्रण र कानुनी प्रवर्तन सहयोग* मार्गदर्शनका लागि हेर्नुहोला ।

## ८.५ हतियार सङ्कलन र नाश कार्य

हतियार सङ्कलन कार्यक्रमका क्रममा, महिलाहरूले आफ्ना साझेदारहरू, बालबालिका र परिवारका सदस्यहरूलाई साना हातहतियार त्यागनका लागि मनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्, वा कानूनी प्रतिशोधका डरले साझेदार वा आफन्तहरूको तर्फबाट तिनलाई हस्तान्तरण गर्न सकिन्छ (जस्तै कानुनतः माफीको व्यवस्थाको अभावमा) । हतियार सङ्कलन कार्यक्रमहरूले महिलाहरूलाई हतियार हस्तान्तरण गर्ने योजनामा प्रोत्साहन गर्नुपर्छ ।

साना हातहतियार र हलुका हतियारहरू सङ्कलन गर्ने योजना बनाउँदा स्थानीय महिलाहरूसँग परामर्श लिनुपर्छ, किनभने तिनीहरूले सङ्कलन प्रक्रिया सुरु हुनुअघि हतियारको व्यापकता र सुरक्षाका दृष्टिकोणहरूलाई सम्बोधन गर्नुपर्ने कुराहरूमा उपयोगी जानकारी दिन सक्छन् ।

सङ्कलन प्रक्रियामा सहभागिता बढाउने ध्येयले प्रोत्साहन कार्यक्रमको योजना गर्दैगर्दा स्थानीय महिलाहरूको राय, भूमिका र आवश्यकतालाई विचार गर्नुपर्छ ।

हतियार सङ्कलन सम्बन्धी सूचना र सचेतनामूलक अभियानमा महिलाहरूको सहभागितालाई लक्षित गर्ने रणनीतिहरू समावेश गर्नुपर्छ ।

सङ्कलन अभियानसँगै पुरुषत्वसँग जोडिएका मानदण्डहरूलाई पनि हेरिनुपर्छ जसले पुरुष, विशेष गरी युवाहरू बीच साना हातहतियारको माग बढाउनसक्छ ।

विशेषतः साना हातहतियार सम्बन्धी हिंसाबाट बाँचेका महिलाहरू, जसले त्यस्ता हिंसाबाट साथी वा परिवारका सदस्यहरू गुमाएका छन्, वा त्यस्तो हिंसाबाट बचेकाहरूको हेरचाह गर्नेहरूलाई रोजगारीका अवसर र हतियार सङ्कलन प्रक्रियासँग सम्बन्धित अन्य प्रोत्साहनहरूमा प्राथमिकता दिइनुपर्छ। त्यस्ता महिलाको घरपरिवारमा अझै पनि आफ्ना मृतक वा घाइते पुरुष साथी वा परिवारका सदस्यहरूले प्रयोग गरेका साना हातहतियार वा हलुका हतियारहरू हुन सक्ने भएकाले तिनीहरूलाई सचेतना र हतियार सङ्कलन प्रक्रियामा समावेश गर्न ध्यान दिनुपर्छ ।

लैङ्गिक समानता र महिला सशक्तिकरणको प्रवर्द्धन गर्ने नागरिक समाजका संस्थाहरूलाई यी कार्यक्रम गर्न प्रोत्साहन गर्नुपर्छ,

क) स्वैच्छिक हतियार सङ्कलन कार्यक्रमको पक्षमा महिला, युवा र अन्य नागरिक समाजका समूहहरूको परिचालनमा ध्यान केन्द्रित गर्दै सचेतना अभियानहरू सञ्चालन गर्ने;

ख) समुदाय र राज्यका सुरक्षा अधिकारीहरूबीच मध्यस्थकर्ताको रूपमा हतियार सङ्कलनमा भाग लिने;

ग) हतियार माफी र हतियार हस्तान्तरण गर्न प्रोत्साहनबारे सार्वजनिक जानकारी प्रदान गर्ने र सङ्कलन अभियानलाई बढावा दिन सचेतना जगाउने;

घ) हतियार विनाश प्रक्रियाहरूका लाभहरुकावारे जागरूकता बढाएर सार्वजनिक रुपमा नष्ट गर्ने कार्यक्रमहरुमा भाग लिई आधिकारिक रूपमा अनुगमन गर्दै हतियार नाश कार्यक्रमहरुलाई विश्वासिलो र शसक्त बनाउने ।

द्रस्टव्यः साना हातहतियार र हलुका हतियार सङ्कलन र नाशको बारेमा विस्तृत मार्गदर्शनका लागि, हेर्नुहोस्

- MOSAIC 05.40, *अवैध र अनावश्यक साना हातहतियार र हल'का हतियारहरूको सङ्कलन;* र

- MOSAIC 05.50, नाशः हतियारहरु

## ८.६ अन्तर्राष्ट्रिय रुपमा साना हातहतियार स्थानान्तरण

MOSAIC 03.20 र 03.21 ले साना हातहतियार र/वा हलुका हतियारहरूको अन्तर्राष्ट्रिय स्थानान्तरण र त्यस्ता हतियारहरू अन्तिम लक्षित बर्गले उपयोग गरोस् भन्ने सम्वन्धमा राष्ट्रिय नियन्त्रण प्रकृयाहहरूमा लैङ्गिकमूखी मार्गदर्शन प्रदान गर्दछ ।

साना हातहतियार वा हलुका हतियारहरू निकासी गर्न प्राप्त अनुमतिको मूल्याङ्कन गर्दा ती हतियारहरु प्रयोग गरि महिला तथा बालबालिका विरुद्ध गम्भीर प्रकृतिका लैङ्गिक हिंसाका घटनाहरु नहुन भन्नेतर्फ ध्यान पुर्‍याउनुपर्छ । यस्तो जोखिम टड्कारो देखिएमा निकासीलाई स्वीकृति दिइने छैन ।

यदि, प्राधिकरण प्रदान गरिसकेपछि, निर्यातकर्ता राज्यले अघिल्लो अनुच्छेदमा उल्लिखित उल्लङ्घनहरू सम्बन्धी नयाँ सान्दर्भिक जानकारी प्राप्त गरेमा उसले आयातकर्ता राज्यसँग उपयुक्त परामर्श पश्चात निर्यात प्राधिकरणको पुनः मूल्याङ्कन गर्नुपर्छ ।

## ८.७ निशस्त्रीकरण, अपरिचालन र संयोजन

पूर्व लडाकुहरूको निशस्त्रीकरण, अपरिचालन र संयोजन (DDR) गर्दा लैङ्गिकसंवेदनशीलता प्रदर्शन गर्नुपर्छ, विशेष गरी IDDRS 05.10 महिला, लैंगिकता र निशस्त्रीकरण, अपरिचालन र संयोजन अनुरुप र एकिकृत DDR का मानकहरु (IDDRS) अनुसार ।

नोट संयुक्त राष्ट्र सुरक्षा परिषद्का संकल्प प्रस्ताव १३२५, १८२०, १८८८ र १८८९ सबैले महिलाहरूलाई समावेश गर्न र DDR प्रक्रियाहरूमा उनीहरूको विशेष आवश्यकताहरूलाई ध्यानमा राख्ने आवश्यकतालाई दर्शाएकाछन् ।

## ८.८ कानुनी सुधार

साना हातहतियार र हलुका हतियार सम्बन्धी राष्ट्रिय कानूनलाई परिमार्जन गर्ने प्रयासमा लैङ्गिक विशेषज्ञता भएकाहरु समावेश हुनुपर्छ र त्यस्ता कानूनको मूल्याङ्कन, मस्यौदा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मेवार टोलीमा महिला र पुरुषलाई समावेश गर्नुपर्छ ।

यदि मस्यौदा प्रक्रियामा संलग्न छैन भने, सम्बन्धित सबै सरकारी मन्त्रालय, विभाग र निकायहरू - जस्तैः युवा, महिला मामिला, स्वास्थ्य, शिक्षा, न्यायपालिका, सामाजिक मामिला, कृषि, वन्यजन्तु, खेलकुद, आन्तरिक, शहरी योजना आदिका लागि जिम्मेवार व्यक्तिहरू - मस्यौदामा परामर्श लिनुपर्छ र लैङ्गिक पक्षहरू सहित प्राविधिक विशेषज्ञता प्रदान गर्नुपर्छ ।

विधायिकी सुधारमा संलग्न अधिकारीहरूलाई तालिमको माध्यमबाट साना हातहतियारका मुद्दाहरूमा लैङ्गिक पक्षबारे सचेत गराउनुपर्छ ।

विधायी सुधार प्रक्रियाहरूमा साना हातहतियार र हलुका हतियारहरूसँग सम्बन्धित कानूनको लैङ्गिक पक्षमा ध्यान केन्द्रित हुनुपर्छ, उदाहरणका लागि, कुनै पनि कानूनले महिला विरुद्ध भेदभाव र हिंसालाई अनुमति दिँदैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

साना हातहतियार र हलुका हतियार सम्बन्धी कानुनलाई अन्य सान्दर्भिक कानुनसँग जोडेर लानुपर्छ। उदाहरणका लागि, यो घनिष्ठ साथी र घरेलु/परिवार-सम्बन्धित हिंसा रोक्न डिजाइन गरिएको कानूनसँग मेल खानुपर्छ ।

साना हातहतियार र हलुका हतियार सम्बन्धी कानूनको मूल्याङ्कन, डिजाइन र समीक्षामा लैङ्गिक केन्द्रित नागरिक समाजका समूह, जस्तै महिला संघ, युवा समूह र लैङ्गिक हिंसा विरुद्ध काम गर्ने पुरुष समूहहरूलाई पूर्ण सहभागिता प्रदान गरिनुपर्छ ।

नागरिकहरू र विशेष गरी सीमान्तकृत समूहहरू, जो लैङ्गिक हिंसाका पीडित महिला र पुरुष समावेश हुन सक्छन्, उनीहरूका अधिका र कानुनमा भएका परिवर्तनहरूले उनीहरूलाई कसरी असर गर्छ भन्ने बारे सचेत गराउनुपर्छ । यसका लागि नागरिक समाज, सेवा प्रदायक र सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका हुन्छ । साना हातहतियार र हलुका हतियार सम्बन्धी नयाँ कानून र नीतिका लैङ्गिक पक्षहरूका बारेमा सरकारी निकायहरूलाई जानकारी र तालिम पनि उपलब्ध गराउनुपर्छ ।

राष्ट्रिय कानूनका लैङ्गिक पक्षहरू सही रूपमा लागू भएको सुनिश्चित गर्न, कानून प्रवर्तन अधिकारीहरू, न्यायपालिका र अन्य सम्बन्धित सेवा प्रदायकहरूले लक्षित र अनुकूल लैङ्गिक प्रशिक्षण प्राप्त गर्नुपर्छ। केही प्रमुख पदहरूमा महिला र पुरुष कर्मचारीहरूको आवश्यकता मूल्याङ्कन गरी कारबाही गर्नुपर्छ ।

साना हातहतियार र हलुका हतियार कानूनको कार्यान्वयनको अनुगमन र मूल्याङ्कनमा सबै सम्बन्धित सरकारी निकाय, जस्तै मन्त्रालय, विभाग र अंगहरू साथै नागरिक समाजका सघंसस्थाहरु संलग्न हुनुपर्छ। सरकारी निकाय वा नागरिक समाजले लैङ्गिक-संवेदनशील अनुगमन र मूल्याङ्कन संयन्त्रहरू तर्जुमा गर्न आवश्यक लैङ्गिक विशेषज्ञता प्रदान गर्न सक्छन् ।

साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी कानुनी संयन्त्रको कार्यान्वयन र प्रभाव मापन गर्न र अप्रत्याशित सकारात्मक र नकारात्मक प्रभावहरू पहिचान गर्न प्रमाण सङ्कलन गर्न महिला र लैङ्गिक क्षेत्रमा कार्यरत नागरिक समाज संगठनहरूले सक्रिय भूमिका खेल्नुपर्छ ।

## ८.९ शान्ति शिक्षा, सामुदायिक सहभागिता र सचेतना जागरण

### ८.९.१ सामान्य

शान्ति शिक्षा, सामुदायिक सहभागिता, जोखिम शिक्षा र सचेतना अभिवृद्धिसँग सम्बन्धित साना हातहतियार र हलुका हतियार नियन्त्रण पहलहरूको डिजाइन प्रत्येक व्यक्तिगत सन्दर्भमा,

क) साना हतियारको स्वामित्व, प्रसार र दुरुपयोगको लैङ्गिक प्रभावहरूको बुझाइबारे सूचित हुनुपर्ने;

ख) लेखाजोखा गर्दा लिङ्ग- र उमेर- सहितको खण्डीकृत डाटा सहित लैङ्गिकविश्लेषण गर्ने; र

ग) महिला, पुरुष, किशोरी र किशोरका विभिन्न आवश्यकता र भूमिकाहरूलाई ध्यानमा राख्ने गर्नुहोस्।

यस्ता पहलहरू प्रत्येक सन्दर्भमा,

घ) साना हातहतियार र हलुका हतियार नियन्त्रणका सबै पक्षहरूमा पुरुष र महिलाहरूले खेलेका विभिन्न भूमिकाहरूको राम्रोसँग अनुसन्धान गरिएको बुझाइमा आधारित हुनुपर्छ;

ङ) साना हातहतियार र हल'का हतियारहरू प्रति लैङ्गिक सुरक्षा धारणा, मनोवृत्ति र व्यवहारलाई ध्यानमा राख्नुपर्छ;

च) साना हातहतियार र हल'का हतियारहरूको सम्बन्धमा उनीहरूको ज्ञान, मनोवृत्ति र व्यवहार र अन्य समूहहरूमा उनीहरूको प्रभावको आधारमा विभिन्न समूहहरूलाई लक्षित गर्नुपर्छ; र

छ) हिंसा रोक्न र शान्ति निर्माणमा स्थानीय पहलहरूको महत्व बुझेर ती पहलहरुलाई सहयोग गर्नुपर्छ, जसमा महिला र युवाहरूको नेतृत्वमा तल्लो तहका नागरिक संगठनहरू संलग्न हुन्छन् ।

### ८.९.२ महिला समुहरुको भूमिका

साना हातहतियार र हलुका हतियार नियन्त्रण पहलमा नागरिक समाजका महिला सघंसंस्थाहरू मुख्य सहभागी हुनुपर्दछ। तिनीहरूले साना हातहतियार नियन्त्रण नीति र परियोजनाका लागि महत्वपूर्ण र सान्दर्भिक लैङ्गिक जानकारी प्रदान गर्न सक्छन् र लैङ्गिक सन्दर्भलाई समष्टिगत बनाउन सहजीकरण गर्न सक्छन्। तिनीहरूले साना हतियारहरूका कारण हुने सामाजिक समस्याहरू सम्बोधन गर्न सघाउन सक्छन्, उदाहरणका लागि साना हतियारका हिंसा पीडितहरूलाई सरसल्लाह दिएर, वा गिरोह-प्रभावित क्षेत्रहरूमा बालबालिकाहरूलाई जोगाउन स्थानीय स्तरमा सामुदायिक पहलहरू गर्न सक्छन् ।

महिला समूहहरूले शान्ति शिक्षा, अहिंसात्मक द्वन्द्व समाधान क्षमता र सहिष्णुता जागरण गराउन दीर्घकालीन प्रयासहरू गर्नुपर्छ साथै साना हतियारको स्वामित्व र प्रयोगसँग सम्बन्धित खतराहरूका बारेमा सचेतना जगाउने अल्पकालिन प्रयासहरूमा पनि भाग लिनुपर्छ। । उनीहरूले साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरूको निरीक्षण, अनुगमन र मूल्याङ्कनमा पनि भाग लिनुपर्छ ।

### ८.९.३ पुरुष समुहको भूमिका

शान्ति शिक्षा कार्यक्रमहरू निर्माण गर्दा र सशस्त्र हिंसा रोकथाम सम्वन्धी क्षमता निर्माण गर्दा, के हेक्का राख्नुपर्छ भने साना हतियारहरू प्रायः पहिचान, संस्कृति, र पुरुषत्वको परम्परागत धारणासँग नजिकबाट जोडिएका हुन्छन् । (खण्ड 6. 2.2 हेर्नुहोस्)।

पुरुषको दृष्टिकोणबाट हेर्दा साना हतियारहरूको स्वामित्व, प्रयोग र दुरुपयोगमा पुरुषको रुची किन हुन्छ भन्ने बुझ्न प्रयास गर्ने, र हतियारको स्वामित्व, प्रयोग र दुरुपयोगलाई पुरुषत्वसँग जोड्ने रुढीबादी सामाजिक अवधारणालाई हटाउनु जरुरी देखिन्छ ।

पुरुषले अन्य पुरुषलाई (विशेष गरी सीमान्तकृत युवा पुरुष र सीमान्तीकरणको जोखिममा रहेकाहरू) लाई पुरुषत्व कसरी समाजबाट विकास भएको अवधारणा हो र यसले कसरी आफैंलाई र महिलाहरूलाई (उनीहरुका जीवनसाथी हुन् या आमा, दिदीबहिनी, छोरी वा सहपाठी) पनि हानिकारक हुन सक्छ र कसरी सामाजिकीरण भएबाट सकारात्मक बहशले समुदाय, समाज र समग्र देशलाई अघि बढाउन सहयोगी हुन्छ भन्न सक्छन् ।

महिला विरुद्ध हुने हिंसाको विरोध गर्ने र लैङ्गिक समानता, महिला सशक्तिकरण र पुरुषत्वको सकारात्मक, अहिंसात्मक अभिव्यक्तिलाई प्रवर्द्धन गर्ने पुरुषले थाल्ने पहलहरूले परम्परागत अवधारणा र महिलाविरुद्ध भेदभाव गर्ने कडा स्वभावलाई चुनौती दिन पुरुषका लागि वैकल्पिक रोल मोडल वा नमूना प्रदान गर्न सक्दछ । त्यस्ता पहलहरूलाई समर्थन गरि साना हातहतियार र हल’का हतियारहरू नियन्त्रण गर्ने विद्यमान प्रयासहरूमा समाहित गरिनुपर्छ ।

## ८.९.४ मिडियाको भूमिका

साना हतियारहरूले टेलिभिजन र चलचित्र, भिडियो गेमहरू र संगीत भिडियोहरू लगायतका युवालाई स्पष्ट रूपमा लक्षित गरिएको पाइन्छ । प्रमाणको बढ्दो निकायले संचार माध्यममा  देखाइने हिंसा र वास्तविक जीवनमा घट्ने घटनाहरुबीच सम्वन्ध रहेको पाइन्छ ।

युवा पुरुषहरू हिंसात्मक चलचित्रहरूका मुख्य उपभोक्ता हुन्, जसमा साना हतियारहरू नै प्रायः हिंसा गर्न प्रयोग हुन्छन्। हिंसाको महिमा गर्ने सङ्गीत र भिडियो गेमका पारखीहरु युवा नै .हुन् जहाँ खेलाडीलाई हिंसात्मक, सशस्त्र परिदृश्यहरूमा डुबाउने खेल हुन्छ ।

साना हातहतियार र लैङ्गिक रुढीबादी मनोवृत्ति प्रचारमा सञ्चारको बलियो भूमिका छ। साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरूका लागि सञ्चारकर्मीहरुलाई साना हातहतियार र हलुका हतियारहरू बोक्ने, दुरुपयोग गर्ने र त्यसबाट सृजित विशिष्ट प्रभावहरूप्रति संवेदनशील बनाई सन्देश प्रवाह गर्न सुसूचीत गर्न सकिन्छ। त्यस्तो सचेतना जगाउन यी विषयहरू समावेश हुनुपर्छः

क) मानव अधिकार, र विशेष गरी महिला अधिकार;

ख) लैंगिकता सशष्त्र हिंसा र साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी वारे विश्वव्यापी अवधारणा, कानुनी संयन्त्रवारे जानकारी ;

ग) महिला र पुरुषमा सशस्त्र हिंसाका विभिन्न प्रभाव; र

घ) स्थानीय, राष्ट्रिय र क्षेत्रीय पहल र साना हातहतियार र हलुका हतियार नियन्त्रणको क्षेत्रमा महिलाहरूले खेलेको भूमिका सहित उपलब्धिहरू ।

टेलिभिजनमा सशस्त्र हिंसा, महिला विरुद्धको हिंसा र यौन हिंसा लगायतका हिंसाको प्रसारण र फिल्म र भिडियो गेमहरूमा यसको चित्रणलाई नियमन गरिनुपर्छ। सहिष्णुता, पुरुषत्वको अहिंसात्मक अभिव्यक्ति, लैङ्गिक समानता र अहिंसात्मक द्वन्द्व समाधानको प्रवर्द्धन गर्ने कार्यक्रमहरूको प्रवर्द्धन गर्नुपर्छ ।

## ८.१० पीडित भई बाँचेकाहरुलाई सहायता

### ८.१०.१ सामान्य

साना हातहतियार वा हलुका हतियारको प्रयोगबाट हिंसामा परि शारीरिक रूपमा घाइते, त्रसित वा कुरताबाट बच्न सकेको नै "सरभाइभर" वा बाँचेका पीडित व्यक्ति हो ।

शारीरिक वा मानसिक चोटपटक लिएर बाँचेका महिला र पुरुषले (हिंसक आक्रमणमा परेर अपांगता भएको), भावनात्मक पीडा, आर्थिक हानी, वा साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगबाट उनीहरूको मौलिक अधिकारको हानी भोगेका हुन्छन् ।

पीडित भनेको साना हातहतियार वा हलुवा हतियारको चोटले गर्दा मृत्यु भएको व्यक्ति हो । पीडित सहायता अर्न्तगत आपतकालीन र निरन्तर चिकित्सा हेरचाह, शारीरिक पुनर्वास, मनोवैज्ञानिक र सामाजिक समर्थन, न्यायमा पहुँच र आर्थिक पुनर्मिलन पर्दछन् ।

### ८.१०.२ बाँचेका घाइतेहरुको हेरचाह

साना हतियारले चोट लागेको व्यक्तिको हेरचाह गर्ने जिम्मेवारी सामान्यतया महिला र किशोरीहरू - आमा, पत्नी, दिदीबहिनी, छोरीहरू, साझेदारहरूमा आउँछ। यसले उनीहरूको शैक्षिक र आर्थिक गतिविधिहरूमा संलग्न हुने अवसरहरूलाई सीमित गर्न सक्छ र तिनीहरूको आफ्नै स्वास्थ्य बिग्रन सक्छ ।

बाँचेकाहरुको हेरचाहमा परिवारका सदस्य र समुदायहरू लागिपर्दा, विशेष गरी अग्रमोर्चामा महिला र किशोरीहरु नै संलग्न हुनुपर्दा ठूलो तनाव पर्नजान्छ, जहाँ सेवाहरू कमजोर छन् र लागत महंगो हुन्छ, त्यसैमाथि बेतनरहित काम र खर्च निकै ठूलो तनावको अवस्था सृजना गर्छ। त्यसैमाथि महिलाहरूको कमाई पुरुषको तुलनामा असमान रहेको अवस्था छ ।

### ८.१०.३ महिलाले धानेका घरधुरी

बन्दुक हिंसाको परिणाम धेरै पुरुषको मृत्यु वा अपांगता हुने भएकाले रोजगारी नै बेतन रहित बन्न जान्छ र महिलाले घरको नेतृत्व गर्ने अवस्था रहन्छ । जीविकोपार्जनको तनावले बालबालिका र युवाको शिक्षामा पनि नकारात्मक असर पर्नसक्छ, धेरैले विद्यालय छोड्ने वा जोखिमयुक्त व्यवहारमा संलग्न हुने (जस्तै लागुपदार्थ ओसारपसार वा यौन कार्य) र घरपरिवारको आयमा नकरात्मक असर पुऱ्याउँछ। पुरुषको बेरोजगारी पनि महिला विरुद्ध हुने हिंसाको कारक बन्न सक्छ ।

### ८.१०.४ मनोसामाजिक सहयोग

साना हतियारको हिंसामा परेर लागेको चोट र अशक्तता मनोवैज्ञानिक समस्याहरुसँग सम्बन्धित छन् । यद्यपि, धेरै अवस्थाहरुमा मनो-सामाजिक हस्तक्षेप वा मानसिक स्वास्थ्य कार्यक्रमको प्रावधानलाई सामाजिक चलनले स्वीकार नगर्ने, र पुरुष र महिलाले त्यसबाट परेको आघात बहन गर्नसक्ने क्षमताबारे विभिन्न लैङ्गिकधारणा बनाइन्छ, र अपराधको पीडा अनुभव गर्नेहरूले बाँचेकै व्यर्थ भएको अनुभव गर्न सक्छन् ।

### ८.१०.५ आर्थिक पुनस्थापना

साना हतियारबाट सृजित हिंसाबाट बाँचेका महिला र पुरुषलाई सघाउन जीविकोपार्जन योजनाहरू (जस्तै व्यावसायिक तालिम, रोजगारी, इत्यादि) मा प्राथमिकता दिन सकिन्छ जहाँ यो उपाय साना हातहतियार र हलुका हतियार नियन्त्रणसँग सम्बन्धित हुन्छन्।

साना हतियारबाट सृजित हिंसाबाट बाँचेकाहरूको सहयोगका लागि उनीहरु विरुद्ध हुने भेदभाव रोक्न मूख्यत सामाजिक सचेतना र शिक्षामै जोड दिदै उनीहरूले कार्यस्थलमा फर्केर जीविकोपार्जन पुन:स्थापनाको प्रयास गर्दामा सघाउनुपर्छ।

### ८.१०.६ बाँचेकाहरुलाई परिवर्तनका बाहक बनाउने

बाँचेका पुरुष र महिलाहरू साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगलाई सम्बोधन गर्न परिवर्तनको शक्तिशाली एजेन्ट हुन सक्छन्। साना हातहतियार र हलुका हतियार नियन्त्रणको समर्थनमा वकालती भूमिका लिन चाहनेहरूलाई समर्थन गर्नुपर्छ। बाँचेकाहरुको पेशागत संघद्धारा आफ्नो सेवा प्रवाह, वकालत र व्यवस्थापन क्षमताहरू बलियो बनाउन समर्थन प्राप्त गर्नुपर्छ।

नोटः बाँचेकाको सहयोगमा थप मार्गदर्शनको लागि, सशस्त्र हिंसा रोक्नको सन्दर्भमा MOSAIC 02.10, साना हातहतियार र हलुका हतियार नियन्त्रण हेर्नुहोस्।

## ९.भूमिका र दायित्व

### ९.१ सरकार

साना हातहतियार र हलुका हतियार नियन्त्रणको मुख्य दायित्व राज्य सरकारको हो।

लैङ्गिक समानता र महिला सशक्तिकरणलाई सबै सरकारी विभागहरूमा मूलप्रवाह गर्ने तथा महिला र पुरुषलाई-विशेष गरी निर्णय गर्ने पदहरूमा ल्याउने- लैङ्गिक सचेतना अभिवृद्धि, शिक्षा, वकालत, र क्षमता अभिबृद्धिका पहलहरू समावेश गरिएको सुनिश्चित गर्नु सरकारको प्राथमिक दायित्व पनि हो। साना हातहतियार नियन्त्रणको जिम्मेवारी MOSAIC 03.40, अनुसार राष्ट्रिय समन्वय इकाई अर्न्तगत साना हातहतियार र हलुका हतियार राष्ट्रिय समन्वय संयन्त्र निहित हुनुपर्छ। लैङ्गिक दृष्टिकोणहरू पूर्ण रूपमा एकीकृत भएको सुनिश्चित गर्न राष्ट्रिय समन्वय संयन्त्रले

क) महिला सवालका साथै स्वास्थ्य, शिक्षा र सामाजिक नीतिका लागि जिम्मेवार सरकारी विभाग (हरू) समावेश गर्नुपर्छ;

ख) लैङ्गिक र महिला मुद्दाहरूमा काम गर्ने नागरिक समाज संगठनहरू समावेश गर्नुपर्छ;

ग) साना हातहतियार र हलुका हतियार नियन्त्रणका मुद्दाहरू, विशेष गरी प्रभावितहरुका मागलाई, लैङ्गिक परिप्रेक्ष्यबाट विश्लेषण र सम्बोधन गरिएको सुनिश्चिता गर्नुपर्छ;

घ)	साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी राष्ट्रिय रणनीतिहरू र कार्य योजनाहरूमा MOSAIC 04.10, राष्ट्रिय कार्य योजनाहरूको डिजाइन र कार्यान्वयनद्वारा प्रदान गरिएको लैङ्गिक-विशेष निर्देशनहरू समावेश भएको सुनिश्चित गर्नुपर्छ;

ङ)	साना हातहतियार र हलुका हतियार नियन्त्रण निर्णयमा नागरिक समाजका समुहहरूबाट सक्षम महिला विज्ञहरू समेत रहने गरि महिलाको समान र पूर्ण सहभागिता सुनिश्चित गर्नुपछ;

च)	साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धि महिलाको ज्ञानलाई सुदृढ पार्ने उद्देश्यले क्षमता अभिबृद्धिका गतिविधिहरू सुचारु गर्नुपर्छ;

छ)	सार्वजनिक सम्वाद, विचार सभा, मतदान र सर्वेक्षणहरू लगायत साना हातहतियार र हलुका हतियार नियन्त्रणमा पुरुष र महिला दुवैले स्वतन्त्र रूपमा आफ्नो विचार र दृष्टिकोण व्यक्त गर्न सक्षम छन् भनी सुनिश्चित गर्नुपर्छ;

ज)	साना हातहतियार र हलुका हतियार नियन्त्रणको समर्थनमा वकालत, हिंसा रोकथाम, शान्ति स्थापना, शिक्षा, सहिष्णुता र पीडित सहायता कार्यक्रमहरू सञ्चालन गर्न  सम्भव भएसम्म गर्ने र विशेष गरी लैङ्गिक र महिलाका मुद्दाहरूमा काम गर्ने नागरिक समाजका समूहहरूलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ;

झ)	सान्दर्भिक भएमा, कम आय भएका युवाहरूका लागि शैक्षिक, रोजगारी, खेलकुद र सृजनात्मक अवसरहरूलाई समर्थन गरेर, र पुरुषत्वको अहिंसात्मक प्रतिरुपहरु प्रवर्द्धन गर्दै,  विशेष गरी सशस्त्र हिंसामा संलग्न भएका पीडित, जोखिममा रहेका समूहको रूपमा युवाहरूलाई सम्बोधन गर्नुपर्छ;

ञ)	कानून प्रवर्तन अधिकारीहरू, उनीहरूको राज्य-स्वामित्वमा रहेका हातहतियारहरूको रक्षा, सुरक्षा र उचित प्रयोगको लागि उत्तरदायी रहेको, विशेष गरी औपचारिक कामको समय पश्चात, र उनीहरूले कानून प्रवर्तन अधिकारीहरूद्वारा बल र बन्दुकको प्रयोगमा संयुक्त राष्ट्रसंघका आधारभूत सिद्धान्तहरूको पालना गरेको सुनिश्चित गर्नुपछ;

ट)	प्रहरीलाई घनिष्ट साथी र घरेलु/परिवार-सम्बन्धित हिंसाको सन्दर्भमा साना हतियारहरूको उपस्थिति र प्रयोगको बखत सान्दर्भिक राष्ट्रिय कानून अन्तर्गत उनीहरूको भूमिका र जिम्मेवारीहरूबारे तालिम दिने, सान्दर्भिक भएमा  पीडितहरूलाई उनीहरूको अधिकारको बारेमा जानकारी दिने, उदाहरणका लागि सुरक्षा आदेश, बन्दुक जफत, आदि गर्नुपर्छ;

ठ)	MOSAIC 03.30, *साना हातहतियार र हलुका हतियारमा नागरिक पहुँच सम्वन्धि राष्ट्रिय नियमन*, विशेष गरी यसको खण्ड 9.2 बमोजिम, नागरिकलाई साना हातहतियार इजाजतपत्र जारी गर्ने र नवीकरण गर्ने प्रक्रियामा लैङ्गिक दृष्टिकोण एकीकृत गर्नुपर्छ;

ड)	MOSAIC 04.30 को *सचेतना जागरण अनुसार* साना हातहतियार र हलुका हतियारहरूको स्वामित्व, प्रसार र दुरुपयोगसँग सम्बन्धित जोखिमहरूको जनचेतना जगाउनको लागि योगदान पुर्‍याउनुपर्छ,  विशेष गरी घनिष्ट साथी- र घरेलु/परिवार-सम्बन्धित हिंसालाई रोक्न र शान्तिको संस्कृति प्रवर्द्धन  गर्नुपर्छ;

ढ)	साना हातहतियार र हलुका हतियारको सबै किसिमका अवैध व्यापारलाई रोक्न, सामना  र उन्मूलन गर्नको लागि संयुक्त राष्ट्र संघको कार्ययोजना कार्यान्वयनको बारेमा रिपोर्टिङ गर्ने

दौरानमा MOSAIC 04.40 *अनुगमन, मूल्याङ्कन र प्रतिवेदन*; बमोजिम साना हातहतियार र हलुका हतियार नियन्त्रणका लैङ्गिक पक्षहरू समावेश गर्नुपर्छ;

ण) उल्लिखित पहलहरुको कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गर्ने । यो प्राप्त गर्नका लागि सबै नीतिगत चरणहरूमा लैङ्गिक उत्तरदायी बजेटलाई पूर्ण रूपमा एकीकृत गर्नुपर्छ ।

## ९.२ नागरिक समाज

साना हातहतियार र हलुका हतियार नियन्त्रणमा नागरिक समाजको संलग्नता नै स्थानीय स्वामित्वको मुख्य कडी हो । यसले समस्यामा बुझ्न अमूल्य दृष्टिकोण प्रदान गर्दछ र नियन्त्रण प्रयासहरूमा सहयोग बढाउँछ। लैङ्गिक क्षेत्रका विज्ञ नागरिक समाजका संगठनहरूले लैङ्गिक-उत्तरदायी साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरूलाई धेरै तरिकामा बढाउन सक्छन्, जसमा निम्नलिखित समाबेश हुन सक्छनः

क) नीति निर्माणमा लैङ्गिक-उत्तरदायी सुझावका लागि पैरवी गर्ने;

ख) साना हातहतियार र हलुका हतियार नियन्त्रणसँग सम्बन्धित लैङ्गिक मूलप्रवाह र लैङ्गिक समानतासम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र स्थानीय नीतिहरूको कार्यान्वयनको अनुगमन गर्ने;

ग) साना हातहतियार र हलुका हतियार नीतिमा महिलाको राजनीतिक सहभागिता, निर्णय लिने र नेतृत्वलाई प्रवर्द्धन गर्ने;

घ) लैङ्गिक र सुरक्षाका मुद्दाहरूमा क्षमता विकास, स्थानीय समुदाय र सरकारी संस्थाहरूबीचको संवाद र वार्तालाई सहजीकरण गर्ने, र साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रक्रिया र गतिविधिहरूबारे जनचेतना जगाउने;

ङ) साना हातहतियार र हलुका हतियारको मागलाई सम्बोधन गर्न, साथै तिनीहरूको दुरुपयोगको हानिकारक प्रभावलाई सम्बोधन गर्न पीडित, अपराधी र प्रभावित समुदायहरूसँग काम गर्ने;

च) साना हातहतियार र हलुका हतियार सम्बन्धी मुद्दाहरूमा लैङ्गिक-संवेदनशील सर्वेक्षण र मूल्याङ्कन सञ्चालन गर्न भूमिका खेल्ने;

छ) पुरुष र महिलाका विशेष सरोकारहरूलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाउने कुरा सुनिश्चित गर्ने; र

ज) साना हातहतियार र हलुका हतियार सर्वेक्षण (MOSAIC 05.10 हेर्नुहोस्) सञ्चालन गर्न र हतियार सङ्कलन र नाश प्रक्रियाहरूमा सर्वेक्षणकर्ता र उत्तरदाताको रूपमा महत्वपूर्ण भूमिका खेल्ने जहाँ तिनीहरूको संलग्नताले पुरुष र महिलाबीच विश्वास र विश्वासको भावना बढाउनसक्छ;

विशेष गरी महिला संगठनहरूले निम्न कार्यद्वारा योगदान गर्नसक्छन्:

झ) साना हातहतियार र हलुका हतियारहरूको स्वामित्वको प्रसार र दुरुपयोगसँग सम्बन्धित जोखिमहरूका बारेमा सचेतना जगाउने, सार्वजनिक बहस र साना हातहतियार र हलुका हतियारसँग सम्बन्धित देशका नीतिमा परिवर्तनको लागि प्रचारप्रसारमा योगदान पुऱ्याउने;

ञ) स्थानीय नेता, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू र अन्यले महिलाहरूका विचार र दृष्टिकोणहरु सुनेको सुनिश्चित गर्न साना हातहतियार नियन्त्रणका लागि सामुदायिक फोरमहरूमा पहल गर्ने र सहभागिता जनाउने;

ट) साना हातहतियार र हलुका हतियार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गर्न र ती सन्धि अन्तर्गतका आफ्ना प्रतिबद्धताहरू कार्यान्वयन गर्न राष्ट्रिय सरकारहरूलाई सन्देश प्रवाह गर्ने;

ठ) महिला लडाकुहरू लगायतका पूर्व लडाकुहरूलाई निशस्त्रीकरण, अपरिचालन र उनीहरूको समुदायमा पुनःएकीकरण गर्न सामुदायिक पहलका लागि नवीनतम कार्यक्रम र परियोजनाहरूको विकास गर्ने;

ड) पूर्व लडाकुहरूलाई हतियार बिसाउन र हतियार सङ्कलन कार्यक्रमहरूमा भाग लिन प्रोत्साहित गर्ने, र तिनीहरूले त्यस्ता गतिविधिका लागि प्रदान गरिएको कुनै प्रोत्साहनबाट लाभान्वित रहन सुनिश्चित गर्ने;

ढ) साना हातहतियार नियन्त्रण प्रक्रियाहरू, सङ्क्रमणकालीन न्यायका रणनीतिहरू, र विधायिका/निर्णायक मञ्चहरुको गठन सम्बन्धी निर्णयहरूमा महिलाहरूको सहभागिता र विज्ञता सक्रिय रहेको सुनिश्चित गर्ने; र

ण) साना हातहतियार र हलुका हतियार नियन्त्रण गर्ने पहलको सृजनाा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा महिला संलग्न रहेको सुनिश्चित गर्ने ।

## ९.३ क्षेत्रीय संगठनहरू

साना हातहतियार र हलुका हतियारको ओसारपसार सीमानाबाट सजिलै हुने भएकाले साना हातहतियार र हलुका हतियार नियन्त्रणका लागि कानून र अभ्यासहरूको समन्वय र तालमेल महत्वपूर्ण हुन्छ। साना हातहतियार र हलुका हतियार नियन्त्रणमा क्षेत्रीय र विश्वव्यापी मापदण्डहरू अगाडि बढाउन क्षेत्रीय संगठनहरूले आम सहमति निर्माण गर्न र गति दिन महत्वपूर्ण भूमिका खेल्छन ।

साना हातहतियार र हलुका हतियारहरूको अवैध व्यापार र दुरुपयोगले विभिन्न क्षेत्रमा विभिन्न समस्याहरू सृजना गर्दछन, र राज्यहरूसँग यी समस्याको प्रतिकार्य गर्न वित्तीय र भौतिक स्रोतहरूको उपलब्धता फरक फरक हुन्छ। क्षेत्रीय पहल र क्षेत्रीय अवधारणाले राज्यलाई आवश्यक आर्थिक सहयोग जुटाउन र प्राविधिक स्रोतहरू उपलब्ध गराउन मद्दत पुग्छ।

साना हातहतियार र हलुका हतियार नियन्त्रणका लागि क्षेत्रीय अवधारणको विकास र कार्यान्वयनमा क्षेत्रीय संगठनहरूले निम्नलिखित कार्यहरु गर्नुपर्छ:

क) पुरुष, महिला, किशोर र किशोरीहरुमा साना हातहतियार र हलुका हतियार प्रभावको लेखाजोखा लैङ्गिक-संवेदनशील आधारमा विकास गर्ने;

ख) साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगको प्रत्यक्ष र परोक्ष प्रभाववारे लैंगिक खण्डीकरण तथ्यांक सङ्कलन गर्न व्यवस्थित पद्दतिको सुरुवात र प्रवर्द्धन गर्ने;

ग) नीति निर्माण, निर्णय, योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्ने; र

घ) यस क्षेत्रका सान्दर्भिक नागरिक समाज , विशेष गरी लैङ्गिक र महिलाका मुद्दाहरूमा काम गर्ने समूहहरूको, सभा सम्मेलन, भेटघाट, प्रशिक्षण कार्यक्रमहरू, आदि मार्फत ज्ञान र अनुभव साटासाट आदि गर्ने, र महिलाका समूहहरुको उपस्थिती सहित नागरिक समाजका क्षेत्रीय सञ्जालहरूलाई प्रोत्साहन र सहयोग गर्ने ।

क्षेत्रीय संघसंस्थाले निम्नलिखित कार्यहरु पनि गर्न सक्छन्

ङ) साना हातहतियार र हलुका हतियारको प्रसार र दुरुपयोगमा क्षेत्रीय पर्यवेक्षकहरूको स्थापनालाई प्रोत्साहन दिने र अन्य क्षेत्रीय पर्यवेक्षकहरूसँग र राष्ट्रिय र/वा स्थानीय स्तरमा लैङ्गिक र महिला मुद्दाहरूमा केन्द्रित भएर पर्यवेक्षकहरूसँगको सम्बन्धलाई बढावा दिने,

द्रस्टब्यः विद्यमान क्षेत्रीय वा उपक्षेत्रीय पर्यवेक्षकहरुले आफ्नो दैनिक कार्यमा साना हातहतियार र हलुका हतियार नियन्त्रणमा लैंगिक सवालहरुलाई आत्मसाथ गरेमा लाभ हुने देखिन्छ । उदाहरणका लागि अग्रिम सचेतना प्रणाली सम्वन्धमा महिला समुहहरुको ज्ञानलाई समयमै सदुपयोग गर्न सके कहाँ सम्भावित भिडन्त हुन सक्छ र हतियार ओसारपसार हुन सक्छ, थाहा लाग्न सक्छ । शहरी क्षेत्रमा हुने हिंसावार पर्यवेक्षकले शहरी क्षेत्रका किशोरीहरुका संगठनहरुलाई हिंसा र साना हतियारहरु कहाँ कहाँ पाइन्छ भन्ने जानकारी, लगायत समुदायमा ती हतियारहरु कसरी फैलन्छन् भन्ने जानकारी हुनसक्छ ।

च) साना हातहतियार र हलुका हतियार नियन्त्रणका लैङ्गिक पक्षहरूलाई सम्बोधन गर्न त्यस भेकका राज्यहरूको क्षमता विकास गर्न प्राविधिक सहयोग र वित्तीय स्रोतहरू उपलब्ध गराउने ।

## ९.४ संयुक्त राष्ट्र संघ

सहित संयुक्त राष्ट्र प्रणालीका सबै संस्थाहरू तथा कोष, कार्यक्रम र विशिष्टकृत निकायहरूले लैङ्गिक समानताको उपलब्धिहरुलाई सहयोग गर्नुपर्ने अभिारा राख्दछन् ।

साना हातहतियार र हलुका हतियार नियन्त्रणमा संलग्न संयुक्त राष्ट्रसंघीय प्रणालीका संगठनहरूले सञ्चालन गरका परियोजनाहरू र कार्यक्रमहरूमा साना हातहतियार र हलुका हतियार वारे सूचना सङ्कलन, योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका सबै चरणहरूमा लैङ्गिक अवधारणलाई एकीकृत गर्नेछन्, जसमा

क) संयुक्त राष्ट्र संघद्वारा समेटिएका अन्य कार्यक्रमका क्षेत्रहरूमा साना हातहतियार र हलुका हतियारको अनियन्त्रित प्रसार र दुरुपयोगको प्रभाववारे विशेष प्रकाश पार्नेछन्,

ख) साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्वन्धि संयुक्त राष्ट्रसंघीय कार्यक्रमले लैंगिक सवाललाई प्रोत्साहन र सहयोग गर्नेछ,

ग) साना हातहतियार र हलुका हतियारको दुरुपयोगसँग सम्बन्धित लैंगिक र उमेर सहित खण्डीकृत तथ्यांकको व्यवस्थित सङ्कलन र प्रयोगलाई प्रवर्द्धन गर्ने र समस्याको लैङ्गिक विश्लेषण गर्न प्रवर्द्धन गर्ने;

घ) लैंगिकतालाई कार्यसञ्चालन स्तरमा मूलप्रवाहीकरण गरि साना हातहतियार र हलुका हतियार परियोजनाको निर्माणमा लैजाने र साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्य योजनाहरूमा लैङ्गिकतालाई मूलधारमा ल्याउन राष्ट्रिय समन्वय संयन्त्रहरूलाई सहयोग प्रदान गर्ने;

ङ) नागरिक समाजका संगठनहरुलाई विश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय र स्थानीय स्तरमा साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासमा सहभागितालाई, विशेष गरी लैङ्गिक, युवा र महिला मुद्दाहरूको मामिलामा, प्रोत्साहन र सहयोग गर्ने;

च) साना हातहतियार र हलुका हतियार नियन्त्रणका लैङ्गिक पक्षहरूमा आफ्ना कर्मचारीको क्षमता अभिवृद्धिका लागि बजेटमा लैङ्गिक मुद्दा तालीमका लागि पर्याप्त स्रोत समावेश भएको सुनिश्चित गर्ने;

छ) साना हातहतियार र हलुका हतियार नियन्त्रणमा संयुक्त राष्ट्रसंघ समन्वय कार्य (CASA) संयन्त्र मार्फत उनीहरूको कामको लागि बलियो समन्वयात्मक दृष्टिकोण सुनिश्चित गर्ने;

ज) संयुक्त राष्ट्र प्रणालीमा र विश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय र स्थानीय स्तरका साझेदारहरूबीच साना हातहतियार र हलुका हतियारसँग सम्बन्धित लैंगिक र उमेर सहितको खण्डीकृत तथ्यांक  प्रस्तुत तथा प्रसारित गर्ने;

झ) लैङ्गिक पक्षका गुणात्मक र संख्यात्मक जानकारीका लागि नीतिगत र कार्यसञ्चालन सवालहरुवारे साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्वन्धित सान्दर्भिक प्रतिवेदन र सिफारिसहरू समावेश गर्ने; र

ञ) साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी विधायिका र नीतिगत ढाँचामा लैङ्गिक दृष्टिकोणलाई समाहित गर्न क्षमता अभिवृद्धि गर्न राज्यलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।

## ९.५ दातृ निकाय

कम आय भएको पृष्ठभूमि र सशस्त्र द्वन्द्वबाट पुर्नःलाभ पाएका देशहरूमासाना हातहतियार र हलुका हतियार नियन्त्रणका प्रयासहरूलाई राष्ट्रिय तहमा सहयोगका लागि दातृ निकायको महत्वपूर्ण भूमिका छ। दातृ निकाय, अन्तर्राष्ट्रिय संघसंस्था र नागरिक समाजसँग मिलेर निम्नलिखित कार्यहरु गर्नुपर्छः

क) सकारहरूलाई महिला मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौताहरू स्वीकार गर्न र/वा उनीहरूलाई त्यस्ता सम्झौताहरू अन्तर्गत उनीहरूका दायित्व पूरा गर्न सहयोग वा र प्रोत्साहित गर्नुपर्छ, जस्तैः

अ) संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW);

आ) महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का संकल्प प्रस्तावहरू १३२५, १८२०, १८८८ र १८८९;

इ) महिला विरुद्ध हिंसा उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणा;

ई) बेइजिङ घोषणापत्र र यसको प्लेटफर्म फर एक्सन, जसले महिलाहरूलाई लैङ्गिक हिंसाबाट जोगाउन सरकारले चाल्नुपर्ने कदमहरूको रूपरेखा दिन्छ,

उ) महिला विरुद्ध हुने हिंसाको रोकथाम, सजाय र उन्मूलनसम्बन्धी अन्तर-अमेरिकी महासन्धि; र

ऊ) अफ्रिका चार्टर अन ह्युमन एण्ड पिपल राइट्स प्रोटोकलको अफ्रिकाका महिलाहरुको मानवअधिकार दस्तावेज

ख) साना हातहतियार र हलुका हतियार नियन्त्रण पहलहरूले लैङ्गिक मुद्दाहरूलाई पूर्णरुपमा सहयोग गर्ने र तिनमा महिलाहरूले पूर्ण रूपमा सहभागी हुने कुराको सुनिश्चितता गर्ने;

ग) अन्तर्राष्ट्रिय विकास र परराष्ट्र मन्त्रालयका सम्वन्धित कर्मचारीहरूसँग लैङ्गिक विज्ञता भएको सुनिश्चित गर्ने;

घ) लैंगिकता र साना हातहतियार र हलुका हतियार नियन्त्रणमा थप अनुसन्धानलाई सघाउने ।

दातृ निकायले साना हातहतियार र हलुका हतियार नियन्त्रणको लैङ्गिक लेखाजोखाद्वारा पहिचान गरिएका समस्याहरूलाई सम्बोधन गर्न आम सुरक्षा क्षेत्र सुधारको अंशको रूपमा वा तदर्थताका आधारमा क्षमता विकासमा सहयोग उपलब्ध गराउन पनिसक्छन्। उदाहरणका लागि कानून प्रवर्तन अधिकारीहरूलाई

ङ) साना हातहतियारको दुरुपयोगसँग सम्बन्धित तालिममा लैङ्गिक सवालहरुका विषयमा, वा

च) लैङ्गिक हिंसालाई सम्बोधन गर्न क्षमता अभिवृद्धिसँगै न्यायिक प्रणालीको विकास गरेर ।

# परिशिष्ट १
**(जानकारीमूलक)**

## संकट रोकथाममा लैङ्गिक समानताका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आठ-बुँदे एजेन्डा

## संकटमा परेका किशोरी र महिलाहरूका लागि व्यावहारिक, सकारात्मक परिणामहरू

### क.१ संकटमा महिला सुरक्षा सुध्रिढ पार्नेः महिला विरुद्ध हिंसा रोक्ने

क) महिला विरुद्धको हिंसा मानवअधिकार, मानवीय शिष्टता र मानव मर्यादाको हनन हो।

ख) बलात्कार र यौन हिंसा क्षतिका रुप मात्र होइननः यी युद्धका विधि हुन्। यी युद्ध अपराध गर्ने दोषीलाई दोषीहरूलाई उनीहरूको समुदाय, सरकार र अन्तर्राष्ट्रिय समुदायद्वारा जवाफदेही बनाइनुपर्छ।

ग) महिला विरुद्धको हिंसाले गरिबी उन्मूलन, एचआईभी/एड्स विरुद्धको प्रगति र शान्ति र सुरक्षामा पनि बाधा पुऱ्याउँछ ।

घ) महिला विरुद्धको हिंसाको महाव्याधीलाई उल्टाउन पुरुष र किशोरहरूको महत्वपूर्ण भूमिका हुन्छ ।

### क.२ लैङ्गिक न्यायको अभिवृद्धिः महिलाहरूको लागि न्याय र सुरक्षा प्रदान गर्ने

क) महिला अधिकारको संरक्षण गर्ने कानुनलाई समग्र कानुनी ढाँचाभित्र समावेश गरी लागू गरिनुपर्छ।

ख) महिलाहरूले आफ्ना अधिकारहरू थाहा पाउनुपर्दछ र निःशुल्क कानुनी सेवाहरू मार्फत (उदाहरणका लागि) कानुनी प्रणालीहरूमा पहुँच कायम गर्न सक्षम हुनुपर्दछ,

ग) चलन, परम्परा वा धार्मिक आस्थाले महिला विरुद्ध हुने हिंसाको पक्षमा बहाना बनाउने वा न्यायोचित ठहराउने काम गर्नु हुँदैन ।

### क.३ नागरिकतामा, सहभागिता र नेतृत्वमा महिला पँहुच बृद्धि गर्नेः निर्णायक भूमिकामा महिलाहरूलाई अगाडि बढाउने

क) सरकार र सुरक्षा क्षेत्रमा प्रत्यक्ष सहभागिता लगायत आफ्नो जीवनमा प्रत्यक्ष प्रभाव पार्ने निर्णयहरू लिन महिलाहरूलाई सीप र आत्मविश्वास चाहिन्छ ।

ख) महिलाहरूलाई प्रायः व्यवसायिक लेनदेनहरूको पहुँचबाट वञ्चित गरिन्छ र जग्गाको स्वामित्वको वार्तामा संलग्न गराइन्न। महिलालाई व्यवसाय र जग्गाको स्वामित्वमा पहुँच दिनको लागि कानून परिवर्तन गर्न आवश्यक छ।

ग) महिलाहरूलाई शान्ति र पुनस्थापनाका प्रक्रियाहरूमा स्थान दिदै उनीहरुको सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा प्रतिनिधित्व गराउनु आवश्यक छ ।

## क.४ महिला संग र लागि शान्ति निर्माणः सबै शान्ति प्रक्रियाहरुमा महिलालाई सामेल गर्ने

क) शान्ति वार्तामा उच्चस्तरीय वार्ताकारको रूपमा लगायत शान्ति र पुनःस्थापनाका सबै प्रक्रियाहरुमा महिलाहरू संलग्न हुनुपर्छ ।

ख) शान्ति सम्झौताले समावेशीता, लोकतान्त्रिक सुधार र लैङ्गिक समानताका लागि अवसरहरू प्रदान गर्दछन् । यी अवसरहरूको सदुपयोग गरिनुपर्छ ।

ग) शान्ति सम्झौताहरूमा लैङ्गिक प्रावधानहरू समावेश गरिनुपर्छ र सम्झौताहरू कार्यान्वयन गर्दा प्राथमिकता दिनुपर्छ ।

## क.५ विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानतालाई बढावा दिनेः महिला र पुरुषहरूलाई राम्रोसँग पुनः निर्माण गर्न समर्थन गर्ने

क) विपद् जोखिमको विश्लेषण र विपद्पछिको जोखिम मूल्याङ्कनमा महिलाका बिशेष आवश्यकताहरू समावेश गरिनुपर्छ ।

ख) सामुदायिक संरचनाहरू भत्किंदा  र हिंसा बढ्दै जाँदा  महिला र किशोरीहरूको बढ्दो जोखिमलाई रोक्न कदम चाल्नुपर्छ ।

ग) महिलाहरूको आर्थिक क्षमताको पहिचान हुदैन किनभने उनीहरूका चासो पुननिर्माणको प्रयासमा समावेश हुँदैनन् । उदाहरणका लागि, कामको लागि नगद योजनाले प्रायः महिला-प्रमुख घरपरिवारलाई लक्षित गर्दैनन् ।

घ) अस्थायी आवासमा प्रायः महिलाको गोपनीयतालाई ध्यानमा राखिएको हुदैन । यसले शोषण र भेदभावको जोखिम बढाउँछ र एकल महिलालाई सीमान्तकृत गर्छ। यसले महिला र बालबालिकाको स्वास्थ्यमा गहिरो असर पार्छ ।

ङ) महिलाको अनुभव र ज्ञानलाई जुनै पनि योजना वा नीतिहरूमा प्राथमिकता दिएर समावेश गरिनुपर्छ ।

## क.६ लैङ्गिक-उत्तरदायी पुनर्निर्माण सुनिश्चित गर्नेः महिलालाई पुनर्निर्माणमा नेतृत्व प्रदान गर्ने

क) महिलालाई भूमि अधिकार र ऋणमा पहुँच सहित जीविकोपार्जनका लागि समान अवसरहरू दिइनुपर्छ । यातायात, आवास र स्वास्थ्य सेवा जस्ता प्रमुख क्षेत्रहरूका पुनर्निर्माणले विशेष गरी महिलाहरूलाई लाभ पुग्छ ।

## क.७ महिलाका लागि सरकारलाई रूपान्तरण हुनेः राष्ट्रिय एजेन्डामा महिला मुद्दाहरू समावेश गर्ने

ख) सरकारी बजेट र श्रोत परिचालनको  निर्णयमा महिलाहरु  संलग्न हुनुपर्छ ।

ग) महिलाको आवश्यकतालाई सम्बोधन गर्ने सार्वजनिक संस्थाहरूलाई प्रोत्साहन दिनु आवश्यक छ ।

### क.८ सामाजिक परिवर्तनका लागि क्षमता विकास गर्ने: समाज रूपान्तरणमा मिलेर काम गर्ने

क) लैङ्गिक मुद्दाहरूमा उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न महिला संगठनहरू र सञ्जालहरूलाई बलियो बनाउन आवश्यक छ ।

ख) लैङ्गिक समानता प्रवर्द्धन गर्न र महिला सशक्तिकरणलाई समर्थन गर्न पुरुषहरूलाई शिक्षित बनाउन आवश्यक छ ।

### यो आठ-बुँदे एजेन्डाको प्रतिफलहरु प्राप्त गर्न यी पक्षहरु आवश्यक छन्:

क) सुरक्षा परिषद्को प्रस्ताव १३२५ को पूर्ण कार्यान्वयनलाई समर्थन गर्ने;

ख) विकास, मानवीय, शान्ति र सुरक्षा क्षेत्रहरूका रणनीतिक योजना र वकालतमा लैङ्गिक समानता प्राथमिकताहरू समावेश गर्ने;

ग) लैङ्गिक मुद्दाहरूमा उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न जनशक्ति, नीति र कार्यक्रमहरूलाई सुदृढ गर्ने;

घ) लैङ्गिक प्राथमिकताहरूलाई प्रभावकारी बनाउन साझेदारीहरू निर्माण गर्ने;

ङ) लैङ्गिक-उत्तरदायी कोष संयन्त्र र स्रोत परिचालन रणनीतिहरू विकास गर्ने;

च) महिलाहरूको गणना गर्ने, महिलाहरुले महत्वपूर्ण ठान्ने कुराहरुलाई महत्व दिने, र महिलाहरूले महत्व दिएका कुराहरुलाई महत्वका साथ तथ्याकं सङ्कलनमा समावेश गर्ने; र

छ) लैङ्गिकता र संकट रोकथाम र पुनर्निर्माण (CPR) मुद्दाहरूमा बौद्धिक नेतृत्व, ज्ञान व्यवस्थापन, अनुगमन र मूल्याङ्कनलाई बढावा दिने ।

# परिशिष्ट २
**(जानकारीमूलक)**

## साना हातहतियार र हलुका हतियार कार्यक्रमका लैंगिक समानताका उत्तरदायी सूचकहरू

### ख.१ सामान्य

साना हातहतियार र हलुका हतियार नियन्त्रण र सशस्त्र हिंसा न्यूनीकरण कार्यक्रमको व्यापक, लैङ्गिक-उत्तरदायी अनुगमन र मूल्याङ्कन आवश्यक छ । पुरुष, महिला, किशोर- किशोरीहरुमा नीतिका अप्रत्याशित सकारात्मक र नकारात्मक प्रभावहरू निर्धारण गर्न र सिकाईहरु पहिचान गर्न महत्वपूर्ण छ ।

### .ख.२ लैङ्गिक-मैत्री प्रयासहरु

साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरु लैङ्गिक-मैत्री भएको सुनिश्चित गर्न मुख्य प्रश्नहरू:

क) महिला र किशोरी र सीमान्तकृत पुरुष र किशोरहरूको विशेष आवश्यकतालाई कसरी सम्बोधन गरिन्छ?

ख) योजनाबद्ध प्रयासहरूमा महिलाहरूको सहभागिता बढाउने गतिविधिहरू छन्?

ग) के लैङ्गिक मैत्री उद्देश्यहरू र लैङ्गिक गतिविधिहरूको प्रभाव अनुगमन गर्न विशेष सूचकहरू छन्?

घ) के लैङ्गिक मैत्री उद्देश्य, गतिविधि र नतिजाको लागि कोष छुट्याइएको छ?

ङ) के कार्यक्रमको योजनामा लैङ्गिक विशेषज्ञता उपलब्ध गराइएको छ?

च) के महिला संगठनहरू र लैङ्गिक मुद्दाहरूमा काम गर्नेहरूलाई साझेदारको रूपमा समावेश गरिएको छ?

छ) के घरमा साना हातहतियार हिंसा कम गर्न र सशस्त्र लैङ्गिक हिंसा रोक्नका लागि चाहिने कार्यक्रमको आवश्यकता पहिचान गरी सम्बोधन गरिएको छ?

### ख.३ लैङ्गिक-मैत्री अनुगमन र मूल्याङ्कन प्रक्रिया

#### ख.३.१ लैङ्गिक मूलप्रवाह

साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरूको अनुगमन र मूल्याङ्कन प्रक्रिया लैङ्गिक-मैत्री रहेको सुनिश्चित गर्नका लागि मुख्य प्रश्नहरू समावेश हुन सक्छन्:

क) के अनुगमन र मूल्याङ्कन कर्मचारीहरूसँग लैङ्गिक मुद्दाहरूलाई एकीकृत गर्ने क्षमता छ?

ख) के लिंग र उमेर खण्डीकरण सहितको डाटाको अनुगमन र मूल्याङ्कनलाई अलग गरिएको छ? के अनुगमन र मूल्याङ्कनले लैङ्गिक भूमिका र लिङ्गमा आधारित हिंसा र बेचबिखन जस्ता लैङ्गिक विषयहरूलाई सम्बोधन गर्छ?

ग) लिङ्ग सम्बन्धी उद्देश्य, सूचक र मापनका आधार वा बेन्चमार्कहरू पूरा भएका छन्? यदि छैन भने, यस बारेमा के भइरहेको छ?

घ) के अनुसन्धान टोलीहरू पुरुष र महिलाहरूबाट जानकारी सङ्कलन गर्न पर्याप्त कर्मचारी र तालिम प्राप्त छन्?

ङ) पुरुष, महिला, किशोर र किशोरीहरूमा किशोरीको समग्र प्रभाव के रहेको छ ? उदाहरणका लागि, प्रक्रियामा भाग लिनको लागि कसैले प्रतिशोधको सामना गर्नु परेको छ कि छैन भनेर अनुसन्धानकर्ताले निगरानी गर्ने कुनै संयन्त्र छ?

च) लैङ्गिक समस्याहरूसँग सम्बन्धित राम्रा र नराम्रा अभ्यासहरू पहिचान गर्न सकिन्छ? यसले भविष्यका कार्यक्रमका लागि कसरी सहयोग गर्न सक्छ ?

छ) मूल्याङ्कनका नतिजाहरू प्रक्रियामा संलग्न पुरुष र महिलाहरूलाई र प्रभावित समुदायहरूलाई कसरी सूचित गरिन्छ? नतिजामा उनीहरूको प्रतिक्रिया सङ्कलन गर्ने संयन्त्र छ?

### ख.३.२ महिला र पुरुषको समान सहभागिता प्रवर्द्धन गर्ने

क) अनुगमन र मूल्याङ्कनमा पुरुष र महिलाको समान सहभागिता छ ?

ख) के सीमान्तकृत समूहहरूमा पुग्नको लागि अनुगमन र मूल्याङ्कन प्रक्रियामा विशेष उपायहरू लिइएका छन्? आफ्नो श्रीमान नजिक हुँदा सोधिएका परिवार हिंसाका बारे प्रश्नहरु सोध्दा महिलामा हुन सक्ने डरत्रास जस्ता कुराहरुलाई सर्वेक्षणका नियमले कसरी सम्बोधन गरेका छन्?

ग) के कार्यक्रमले पुरूष र महिलालाई पर्याप्त रूपमा समावेश गर्‍यो? उनीहरुको विचारलाई कार्यक्रममा समावेश गरिएको थियो ?

घ) साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रक्रियामा महिला र पुरुषको सहभागितालाई कार्यक्रमले कसरी असर गरेको छ?

## ख.४ परिणाम र प्रक्रियाका लैङ्गिक पक्षहरू

### ख.४.१ सामान्य

कार्यक्रमको नतिजा र प्रक्रियाको लैङ्गिक पक्षहरू मापन गर्ने मुख्य सूचकहरू यी हुन सक्छन :

### ख.४.२ जनस्वास्थ्यमा हुने प्रभावहरू

क) मृत्यु र चोटपटक दर र बन्दुकसँग सम्बन्धित प्रवृत्तिहरू (हत्या, आत्महत्या, र अनपेक्षित गोलीबारी) लिंग र उमेरद्वारा विभाजित।

ख) सशस्त्र हिंसासँग सम्बन्धित मनोवैज्ञानिक र मनोसामाजिक आघात लिंग र उमेरमा खण्डीकरण।

### ख.४.३ पुरुष, महिला, किशोर र किशोरीहरूको विशेष सुरक्षा, आवश्यकता, धारणा र प्राथमिकताहरू

क) सुरक्षा र खतराको सापेक्ष धारणा ।

ख) विशेष सशस्त्र समूहहरूको सम्बन्धित डरको स्तर ।

ग)  सुरक्षा क्षेत्रको क्षमतामा विश्वासको स्तर ।

घ)  आत्म-सुरक्षाको लागि सानो हतियारको स्वामित्वको आवश्यकता महसुस ।

ङ)  समुदायमा हतियारको उपलब्धताको धारणा ।

च)  समुदाय/देशमा साना हातहतियार हरूको वास्तविक संख्या र साना हातहतियार मालिकहरूको सूची ।

छ)  साना हातहतियार  र हलुका हतियारको तस्करीमा संलग्न महिला र किशोरीहरूको संख्या ।

ज)  साना हातहतियार  र हलुका हतियार राख्ने, प्रदर्शनी र प्रयोग गर्ने प्रतिको मनोवृत्ति ।

झ)  साना हातहतियार को प्रयोग, हिंसा र हिंसक पुरुषत्वको मूल्याङ्कन गर्ने सामाजिक चलनहरू ।

ञ)  महिला, किशोर र किशोरीहरू सहित गिरोह सदस्यहरूको रेकड ।

ट)  साना हातहतियार  र हलुका हलुका हतियारका  मुद्दाहरूमा पुरुष, महिला, किशोर र किशोरीहरूको मिडिया प्रतिनिधित्व ।

**ख.४.४ किशोर र किशोरीहरू विरुद्ध हिंसा**

क)  किशोर र किशोरीहरूको प्रत्यक्ष हिंसा सम्बन्धी मृत्यु र चोटपटकको दर।

ख)  किशोर र किशोरीहरूको अनजानमा बन्दुकबाट मृत्यु र चोटपटकको दर।

ग)  साना हातहतियार  हिंसासँग सम्बन्धित मनोसामाजिक र मनोवैज्ञानिक आघातका घटनाको खण्डीकृत तथ्याकं

घ)  सैन्य, सशस्त्र समूह र गिरोहहरूमा किशोर र किशोरीहरूको उपस्थिति र उनीहरूको भूमिका

ङ)  किशोर र किशोरीहरूलाई बलपूर्वक भर्ती गर्ने घटनाहरू ।

च)  बेचबिखन सञ्जालका पीडित र साना हातहतियार  र हलुका हतियारको तस्करीमा संलग्न पुरुष, महिला, किशोर र किशोरीहरू

**ख.४.५  महिला र पुरुष विरुद्ध हिंसा**

क)  हतियारको प्रचलन वा पुरुष र महिला विरुद्ध हिंसामा प्रयोग ।

ख)  साना हातहतियार हिंसाबाट घाइते भएका वा मारिएका युवा र महिलाको दर ।

ग)  सामान्य रूपमा घरमा हुने हिंसाका घटनाहरू, विशेष गरी बन्दुकसँग सम्बन्धित

घ)  जानाजानी र अन्जानमा साना हातहतियारबाट भएका मृत्यु र चोटपटकको लैंगिक खण्डीकृत दर

ङ)	सशस्त्र हिंसासँग सम्बन्धित मनोसामाजिक र मनोवैज्ञानिक आघात, धम्की र साना हातहतियारको प्रयोग, लिङ्ग र उमेर अनुसार खण्डीकृत दर ।

च)	लिङ्गमा आधारित हिंसाका मुद्दाहरूको सफलतापूर्वक अभियोजन दर ।

छ)	लिङ्गमा आधारित हिंसा रोकथामका उपायहरू

ज)	साना हातहतियार र हलुका हतियारको तस्करीमा संलग्न पुरुष, महिला, किशोर र किशोरीहरु तथा मानवबेचबिखन सञ्जालबाट पीडित हुनेहरूको संख्या

### ख.४.६ मानवीय र विकास सहायतामा प्रभाव

क)	मानवीय सहायता निकायहरूको पहुँच बाहिर रहेको जनसंख्याको प्रतिशत, लैङ्गिक आधारमा

ख)	साना हातहतियारद्वारा मृत्यु र सहायता कार्यकर्ताहरूबीच चोटपटक ।

ग)	सशस्त्र डकैती, बलात्कार वा अन्य अपराध ।

घ)	साना हातहतियार हिंसासँग जोडिएको मनोवैज्ञानिक आघात ।

ङ)	सुरक्षाको धारणा ।

च)	समुदायमा हतियारको उपलब्धताको धारणा ।

छ)	समुदायमा साना हातहतियारहरूको वास्तविक संख्या ।

### ख.४.७ शरणार्थी र आन्तरिक विस्थापित व्यक्तिहरू

क)	विस्थापित व्यक्तिहरूको बन्दुकद्वारा मृत्यु, चोटपटक ,अशक्तताको , खण्डीकृत तथ्याकं सहितका घटनाहरू

ख)	सशस्त्र धम्की (प्रष्टोक्तिका लागि मामिला समावेश) र विस्थापित मानिसहरूबीच आक्रमण ।

ग)	महिला र पुरुष विरुद्ध सशस्त्र यौन हिंसाका घटना जसलाई प्रतिवेदन वा अवलोकन गरियो

घ)	विस्तापितहरुको खाद्य सहायतामा निर्भरता, असुरक्षित अवस्थामा

ङ)	शिविरहरूमा महिला-विशेष स्वास्थ्य सेवा र सुविधाहरू र चोटपटक र आघात हुँदा सहयोग गर्नसक्ने क्षमता

### ख.४.८ सुशासन

क)	सामुदायिक र स्थानीय संगठन र संरचनाहरूमा महिलाको भूमिका र सहभागिता ।

ख)	राष्ट्रिय तहका निर्णायक संरचनाहरुमा महिलाको सहभागिता, स्तर अनुसार ।

ग)	महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताहरूको कार्यान्वयन ।

घ) नयाँ कानूनमा लैङ्गिक विषयहरु मूलप्रवाहमा ध्यान दिइएको अवस्था ।

ङ) वकालत र जनचेतनामा महिला र लैङ्गिक विषयहरुमा आधारित नागरिक समाजको सहभागिता ।

च) साना हातहतियार र हलुका हतियार नियन्त्रणमा पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन नागरिक समाज र विशेष गरी महिला संगठनहरूको क्षमताको कमी ।

छ) सुरक्षा निकाय र सेनामा महिला कर्मचारीको अनुपात ।

**ख.४.८ सामाजिक**

अ) प्राथमिक र माध्यमिक शिक्षामा बालबालिकाको भर्ना दर।

आ) गुणस्तर र सामाजिक सेवाहरूमा पहुँच बढेको/घटेको अवस्था र तिनका विशेष लैङ्गिक प्रभावहरू।

इ) संस्थाहरूबाट उचित व्यवहार मिल्ने कुरामा महिला र पुरुषहरूको विश्वास।

ई) विद्यमान सुरक्षा र न्याय कानून, नीति र संस्थाहरूको लैङ्गिक उत्तरदायित्व र लैङ्गिक-उत्तरदायित्वमा सुधार (प्रगतिलाई ध्यानमा राख्दै)।

उ) घरपरिवार भित्र श्रम विभाजनमा लैङ्गिक परिवर्तन।

ऊ) नेतृत्वमा रहेका महिलाहरूप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन।

ए) सामुदायिक निर्णय प्रक्रियामा महिला/पुरुषको प्रभाव।

ऐ) साना हातहतियार र हलुका हतियार निर्माणमा कार्यरत महिलाहरूको संख्या र विवरण।

# परिशिष्ट ३

## (जानकारीमूलक)

## नीति र परियोजना दस्तावेज तयारीका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको लैंगिक मूलप्रवाहीकरण सन्दर्भसूची -चेकलिष्ट)

**पृष्ठभूमि र औचित्य:** के कार्यक्रमको पृष्ठभूमि जानकारीमा लैंगिक विषयहरुमा ध्यानाकर्षण गरिएको छ? के औचित्यले लैङ्गिक मूलप्रवाह र लैङ्गिक समानताका लागि ठोस तर्कहरू समावेश गर्दछ?

**लक्ष्यहरू:** के प्रस्तावित कार्यक्रमको लक्ष्यले पुरुष र महिला दुवैको आवश्यकतालाई मध्यनजर गर्दछ? के लक्ष्यले पुरुष र महिलाको व्यावहारिक आवश्यकतालाई सम्बोधन गरेर लैङ्गिक असन्तुलनलाई सच्याउन खोज्छ? के लक्ष्यले लैङ्गिक असमानता कायम गर्ने संस्थाहरू (सामाजिक र अन्य) रूपान्तरण गर्न खोज्छ?

**लक्षित लाभार्थीहरू:** कार्यक्रमले विशेष रुपमा  लैंगिक समानता बढाउन सुधारात्मक उपायको रूपमा पुरुष वा महिलाहरूलाई लक्षित गरेको भन्दा बाहेकका लाभार्थी समूह भित्र लैङ्गिक सन्तुलन छ?

**उद्देश्यहरू:** के कार्यक्रमका उद्देश्यहरूले महिला र पुरुष दुवैको आवश्यकतालाई सम्बोधन गर्छ?

**गतिविधिहरू:** के योजनाबद्ध गतिविधिहरूमा पुरुष र महिला दुवै समावेश छन्? के लैङ्गिक परिप्रेक्ष्य स्पष्ट भएको सुनिश्चित गर्न कुनै अतिरिक्त गतिविधिहरू आवश्यक छन् (जस्तै लैङ्गिक मुद्दाहरूमा प्रशिक्षण, थप अनुसन्धान, आदि)?

**सूचकहरू:** के प्रत्येक उद्देश्यको पूर्तितर्फको प्रगति मापन गर्न सूचकहरू विकास गरिएका छन्? के यी सूचकहरूले प्रत्येक उद्देश्यको लैङ्गिक पक्षहरू मापन गर्छन्? के सूचकहरू लिङ्गका अनुसार विभाजित छन? के गतिविधिहरूमा लैङ्गिक सन्तुलनको पर्याप्त स्तरको सुनिश्चित गर्न लक्ष्यहरू सेट गरिएको छ (जस्तै पुरुष र महिला सहभागिताको लागि कोटा)?

**कार्यान्वयन:** योजनाबद्ध कार्यक्रम कसले कार्यान्वयन गर्नेछ? कार्यान्वयनमा लैङ्गिक परिप्रेक्ष्य कायम राख्न पब लषष्ततब के साझेदारहरूले लैङ्गिक-मुख्यप्रवाह तालिम प्राप्त गरेका छन्? के कार्यान्वयनमा महिला र पुरुष दुवैको सहभागिता छ ?

**अनुगमन र मूल्याङ्कन:** के अनुगमन र मूल्याङ्कन रणनीतिमा लैङ्गिक परिप्रेक्ष्य समावेश छ? के यसले कार्यक्रमको मूल (सामग्री) र प्रशासनिक (प्रक्रिया) दुवै पक्षहरूको जाँच गर्नेछ?

**जोखिमहरू:** के समाज भित्र लैङ्गिक भूमिका र सम्बन्धहरूलाई सम्भावित जोखिम (अर्थात् एक वा अर्को लिङ्गको पूर्ण सहभागिता रोक्न सक्ने संरचनात्मक अवरोधहरू) को रूपमा मानिएको छ? के कार्यक्रमको सम्भावित नकारात्मक प्रभावलाई विचार गरिएको छ (जस्तै महिलाहरूमा सम्भावित बढ्दो बोझ वा पुरुषहरूको सामाजिक अलगाव)?

**बजेट:** योजनाबद्ध हस्तक्षेपबाट महिला र पुरुष दुवै लाभान्वित हुनेछन् भनी सुनिश्चित गर्नको लागि वित्तीय सुझावहरू "लैंगिकमय भएका छन्? लैङ्गिक संवेदनशीलता तालिम दिने वा छोटो अवधिका लैङ्गिक विज्ञहरूलाई संलग्न गराउने आवश्यकतालाई बजेटमा समावेश गरिएको छ?

**एनेक्स:** के कुनै सान्दर्भिक अनुसन्धान पत्रहरू (वा अंशहरू) एनेक्सेसको रूपमा समावेश गरिएको छ (विशेष गरी लैङ्गिकताको लागि सही प्रामाणिकता प्रदान गर्ने)?

**सञ्चार रणनीति:** के  सञ्चार रणनीति लैङ्गिक दृष्टिकोणबाट कार्यक्रमको अस्तित्व, प्रगति र नतिजाबारे विभिन्न जनसमुदायलाई जानकारी गराउन विकास गरिएको छ?